३१ श्रावण, २०७३

# जिल्ला विकास समिति दैलेखले आर्थिक वर्ष ०७२/७३ मा गरेको कामहरूको सामाजिक परीक्षणको प्रतिवेदन

प्रतिवेदन पेश गरेको निकाय

## जिल्ला विकास समितिको कार्यालय

## दैलेख


प्रतिवेदन पेश गर्ने

**बसन्त कुमार श्रेष्ठ**

नारायण नगरपालिका १, नयाबजार दैलेख

मोवाइल नं. ९८५८०५०५९४/९८१६९६०६६३

इमेल: *basshrestha@live.com/basmailat77@gmail.com*

# विषय सूची


कार्यकारी सारांश ........ 2

भाग–१ परिचय ........ 7

१.१ दैलेख जिल्ला र जिल्ला विकास समिति दैलेख ........ 7

१.२. सामाजिक परिक्षणको औचित्य ........ 9

१.३. सामाजिक परिक्षणको उद्देश्य ........ 10

१.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र ........ 10

भाग–2 अध्ययन विधि र प्रक्रिया ........ 11

२.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा ........ 11

२.२ जिल्ला विकास समिति दैलेखका सम्बन्धित अधिकारीहरुसंग छलफल ........ 11

२.३ अन्तवार्ताको लागी प्रश्नावलीको तयारी ........ 11

२.४ अन्तरवार्ता, स्थलगत निरीक्षण, अवलोकन र समूह छलफल ........ 11

२.५ प्रतिवेदन प्रस्तुति तथा छलफल ........ 12

२.६ प्रारम्भिक प्रतिवेदन तयारी ........ 13

२.७ अध्ययनको समय रेखा ........ 13

भाग–3 अध्ययनको परिणाम र विश्लेषण ........ 14

३.१ महिला, वालवालिका तथा समावेशी क्षेत्र ........ 14

३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र ........ 17

३.३ विकासमा समान सहभागिताको क्षेत्र ........ 24

३.४ सेवा सुविधामा पहुंचको क्षेत्र ........ 25

३.५ जिल्लामा विकासको लागि देखा परेका समस्याहरु र समाधानका उपायहरु ........ 29

३.६ प्रतिवेदन प्रस्तुतीकरणमा प्राप्त सुझावहरु : ........ 31

३.७ जिल्ला विकास समितिका कार्यक्रमहरुबाट सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव ........ 31

भाग–४ निश्कर्ष र सुझाव ........ 34

४.१ निश्कर्ष ........ 34

४.२ सुझावहरु ........ 34

अनुसुचीहरू ........ 36

अनुसुचीः १ सूचना संकलनको लागि तयार गरिएको प्रश्नावली ........ 36

अनुसूची- २ विषयगत कार्यालय/गैर सरकारी संस्थाको लागि पश्नावली ........ 39

अनुसूची-३ सामाजिक परीक्षण प्रतिवेदनको ढाँचा (बुदा ११ सँग सम्वन्धित) ........ 41

# कार्यकारी सारांश

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा आधारित भई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट तयार गरिएको सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए वमोजिमको प्रकृयाअवलम्वन गरी यो प्रतिवेदन तयार भएको छ। यस प्रतिवेदनमा ४ अध्ययायहरु रहेकाछन्। अध्ययाय १ मा भूमीका, परिचय, उद्देश्य, अध्ययन क्षेत्रको वारेमा उल्लेख गरिएको छ भने अध्ययाय २ मा अध्ययन विधि र प्रकृया, अध्ययाय ३ मा अध्ययनको परिणाम र विश्लेषण र अध्ययाय ४ मा निष्कर्ष र सुझावहरु समावेश गरिएका छन्।

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलमा पर्ने यो जिल्लामा २ नगरपालिका र ४९ गाविस छन। निर्वाचन क्षेत्र २, ईलाकाको संख्या ११ भएको यो जिल्लाको क्षेत्रफल १५०५ वर्ग कि.मी. छ। २०६८ को जनगणना अनुसार यस जिल्लामा ४८९१९ घरधुरी संख्या रहेको छ भने, कुल जनसंख्या २६१७७० मध्ये १३४७८० महिला (५१.४९%) र १२६९९० पुरुष (४८.५1%) रहेकाछन्। यसैगरी जिल्लाको साक्षरता प्रतिशत ६२.९ प्रतिशत रहेको छ भने, औषत परिवार संख्या ५.३६, जनसंख्या वृद्धिदर ९०.६९ र जनघनत्व १७३.९३ प्रति वर्ग किलोमिटर रहेको छ।

नेपाल सरकार (माननीय मन्त्रीस्तर)को मिति २०६८।१।१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि-२०६७ मा उल्लेख भएबमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१(१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरी कार्यान्वयन भई आएको छ। यहि व्यवस्थालाई आधार मानी जिल्ला विकास समिति दैलेखले आव २०७२/७३ मा गरेका कामहरुको सामाजिक परिक्षण गरिएको छ।

यस सामाजिक परिक्षणको उद्देश्यहरुमा (क) दैलेख जिविसले गत आवमा गरेका कामहरु कत्तिको पारदर्शी ढंगले सञ्चालन भए त्यसको लेखाजोखा गर्ने, (ख) दैलेख जिविसले गत आवमा गरेका क्रियाकलापहरुबाट सामाजिक तथा आर्थिक क्षेत्रमा परेको प्रभावको अध्ययन गर्ने, (ग) सामाजिक परिक्षण कार्यक्रमले जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले कसरी अभ्यास गरेकाछन भन्ने कुराको लेखाजोखा गर्ने (घ) अध्ययनको आधारमा आगामी दिनहरुमा कसरी कामलाई अगाडी बढाउनु पर्छ भन्ने सिफारिस गर्ने रहेको छ। यस अध्ययनको लागि ४ विषयगत क्षेत्र (क) महिला, बालबालिका तथा समावेशी, (ख) जनचेतना तथा गरिवी निवारण (ग) विकासमा समान सहभागिताको क्षेत्र र (घ) सेवाहरुमा पहुंचको क्षेत्र तोकिएको थियो। अध्ययन कार्यलाई व्यवस्थित गर्न र सूचना/तथ्याङ्क संकलन गर्नको लागि सन्दर्भ सामग्रीहरु स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्यगरिएको थियो। यसै गरी जिल्ला विकास समिति दैलेखका सम्बन्धित अधिकारीहरुसंग छलफल गरी अध्ययनको बारेमा थप जानकारी लिइएको थियो। उपलब्ध गराईको कार्य निर्देश शर्तको आधार, सन्दर्भ सामग्रीहरुको अध्यन तथा जिल्ला विकास समिति दैलेखका सम्बन्धित अधिकारीहरुसंगको छलफलको आधारमा विभिन्न सरोकारवालाहरुको लागि भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो। प्रश्नावली जिल्ला विकास समितिका सम्बन्धित अधिकारीहरुको प्रत्यक्ष समन्वयमा तयार गरी स्वीकृत गरिएको थियो। स्वीकृत भएको प्रश्नावली प्रयोग गरी दैलेख जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्बन्धित गैर सरकारी संस्थाहरुका

सम्बन्धित अधिकारीहरुसंग अन्तवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल समेत गरिएको थियो । यसका सन्दर्भमा सामाजिक परिक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो । अध्ययनको क्रममा सामाजिक परिक्षकले यस अध्ययनको क्रममा आचार संहितापालना गरी काम सम्पन्न गरेको थियो । यसरी तयार गरिएको प्रतिवेदन जिल्ला विकास समितिसंग समन्वय गरी सार्वजनिक गर्न दैलेख जिल्ला विकास समितिको कार्यालयमा मिति २०७३ श्रावण २७ गतेका दिन कार्यक्रम सञ्चालन गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुनुहुने स्थानीय निकायका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक, समाज, राजनैतिक दलहरू, प्रमुखरदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, पत्रकार आदि)सँग अन्तरक्रियाका लागि समावेस गरिएको थियो । उक्त प्रतिवेदन उपर सरोकारवालाहरुको प्रतिकृया र सुझाव संकलन गरिएको थियो । ती प्रतिकृया र सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरी जिविस दैलेखमा पेस गरिएको थियो । यो अध्ययन मिति २०७३ श्रावण १० देखि शुरु भई २०७३ श्रावण मसान्तमा सम्पन्न भएको थियो । अध्ययनको परिणाम निम्न अनुसार व्याख्या गरिएको छ ।

### १) महिला, बालबालिका तथा समावेशी क्षेत्र

कूल घरधुरी संख्याको ७८.६१ प्रतिशत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था देखिएको छ जुन गत आवमा ७५.७९ प्रतिशत थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुंच ९६.५२ प्रतिशत भएको पाईयो जुन गत आवमा ९४.०२ प्रतिशत थियो । ४ पटक गर्भवती जाच गरिएको महिलाको प्रतिशत यस आव २०७२/७३ मा ८६.७२ प्रतिशत भएको पाईयो जुन आव २०७१/७२ मा ८५.९० प्रतिशत थियो । दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिशत गत आवको ७१.६५ प्रतिशतबाट बढेर ७५.७५ पुगेको छ भने सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको गत आबको प्रतिशत ४३.२१ बाट बढेर यस आवमा ५३.४७ प्रतिशत भएको छ । यो तहको प्रगति हुनुमा खास गरेर जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थाको पूर्वाधारमा वृद्धि प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागिता रहेको पाईयो ।

पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर आव २०७१/७२ मा ५१.७ प्रतिशत भएकोमा यस आव २०७२/७३ मा ५७.५ प्रतिशत भएको छ भने कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा ९२.०० प्रतिशत बाट बढेर ९४.०० प्रतिशत पुगेको छ । प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोर्‍याउनेहरुको प्रतिशत ११.३ कायम राख्न सफल भएको छ भने कक्षा उत्तिर्ण हुने दर ११.९८ प्रतिशतबाट घटेर ७.११ प्रतिशत पुगेको छ । प्राथमिक तहमा तालिम प्राप्त शिक्षक ७६.२६ प्रतिशत र प्रति कक्षा कोठा विद्यार्थी संख्या २७.०६ बाट बढेर २८ मा झरेको छ राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण, सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यका कारण यो प्रगति भएको देखिन्छ ।

आव २०७१/७२ मा ८६.१६ प्रतिशत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०७२/७३ मा यो बढेर ९३.५४ प्रतिशत पुगेको छ । सौचालय भएको परिवारको प्रतिशत ८६.९१ बाट बढेर ९२.३८ प्रतिशत पुगेको छ भने खानेपानी र चर्पीको सुविधा भएको प्राथमिक विद्यालयहरुको प्रतिशत

८९ भएको पाईयो । यस्तो विकास हुनुमा सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्य, आम नागरिकहरुको संलग्नता सुनिश्चत खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत आदी भएको पाईयो ।

## २) जनचेतना तथा गरिवी निवारण क्षेत्र

जिल्लाका सवै गाविसहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यसका लागि कुल ४४१ वडा नागरिक मञ्च र ९८ नागरिक सचेतना केन्द्र स्थापना भएका थिए । वडा नागरिक मञ्चमा कूल १०९४४ सदस्य भएको र जस मध्ये ५२ प्रतिशत पुरुष र ४८ प्रतिशत महिला भएको पाईयो । यसैगरी स्थापना भएका ९८ नागरिक सचेतना केन्द्रमा कुल ३३१६ नागरीक सदस्य भएकोमा ७७.७१ प्रतिशत महिला र २२.२९ प्रतिशत पुरुष भएको पाईयो । यसरी हेर्दा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रमा महिलाको उपस्थिति राम्रै देखिन्छ । साथै वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रलाई प्रभावकारी बनाउन थप श्रोत उपलब्ध हुनसके चेतना र विकासलाई संगसंगै लैजान सकिने देखिन्छ । समाजमा रहेको सामाजिक विकृति हटाउन जिल्लामा जिल्ला विकास समितिको अगुवाईमा विभिन्न निकायको प्रयास गरेको पाईयो । यसका लागि विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै महिला दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदि मनाएको पाईयो ।

यस जिल्लामा कूल १९ बाल श्रमिक रहेका छन जुन गत आव २०७१/७२ मा २९ थियो जसमा वालक ७५ प्रतिशत र बालिका २५ प्रतिशत भएको पाईयो । समूह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमिकमा वढी बालिका र उद्योगमा बढी बालक भएको पाईयो ।

### गरिवी निवारणको प्रयासहरु

जिल्ला विकास समिति तथा गाउं विकास समितहरुले पूर्वाधार विकास गरी आम नागरिकहरुलाई सेवा तथा वस्तुको पहुंच बढाउन सहयोग गरेको पाईयो । खास गरेर सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथा मर्मत, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरेको देखिन्छ, जसले लक्षित समुदायको पहुंच वृद्धि भएको पाईयो । जिल्ला विकास समितिले सञ्चालन गरेका कूल योजना मध्ये १७.४८ प्रतिशत सडक, पुल, कलभर्ट, २४.०१ प्रतिशत जनसहभागितामा आधारित कार्यक्रम, आय आर्जनमा ७.६७ प्रतिशत खानेपानीमा ३.०३ प्रतिशत योजनाहरु थिए । कूल सञ्चालित योजनाहरु मध्ये ९५.३२ प्रतिशत योजना उपभोक्ता समिति र बांकि ४.६८ प्रतिशत योजनाहरु ठेकेदार मार्फत सञ्चालन भएको पाईयो । यसरी हेर्दा विकास योजनाहरुले स्थानीय स्तरमा रोजगारी श्रृजना भएको पाईन्छ । जिल्ला विकास समितिको योजनाहरुको संख्या गत आवको तुलनामा यस आवमा घटेको पाईयो । प्राप्त सूचना अनुसार जिविसले साना योजनाहरुको संख्या कम गरेको र प्राप्त बजेटको आधारमा मात्र योज स्वीकृत गरेको थियो भने केही साना योजनाहरु गाविसलाई संचालन गर्ने जिम्वेवारी दिईएको देखियो । यसले गर्दा जिविसका क्रमागत योजनाहरुको संख्या घटाउन सजिलो भएको छ । यसैगरी पूर्वाधार विकासबाट प्राप्त अवसरहरुलाई उपयोग गरी जिल्लामा सामाजिक विकास मार्फत रोजगारीका अवसरहरु श्रृजना गर्ने थुप्रै कार्यक्रमहरु सञ्चालनमा आएको पाईयो । रोजगार प्रर्वधनको लागि समूह समिति गठन/पूनर्गठन गरेर कृषि, पशु तथा गैर कृषि व्यवसायहरु सञ्चालन भएको पाईयो । जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको संयुक्त प्रयासमा कृषि क्षेत्रमा ७१३, पशुपालनमा २३५ तथा अन्य गैर कृषि क्षेत्रमा ६७० रोजगारी श्रृजना भएको देखिन्छ ।

## ३) विकासमा समान सहभागिताको क्षेत्र

जिल्ला विकास समितिले विकास कार्यमा सवै वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुको सहभागितालाई सुनिश्चत गरेको छ । खास गरेर उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कार्यहरुमा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई परिपालना गरेको देखिन्छ । सबै उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला तथा केही प्रतिशत पछाडी परेका वर्गहरुका नागरीकहरुको संलग्नता रहेको पाईयो । खासगरी दलित, जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकास कार्यमा सहभागि गराउन प्रयास गरेको पाईयो । नेपाल सरकारका विषयगत कार्यालयहरुले पनि तालुक मन्त्रालयहरुबाट प्राप्त निर्देशन तथा नीति नियमहरुको परिपालना गरी कार्यक्रमहरु सञ्चालन गरेको  पाईयो । खास गरी जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, जिल्ला शिक्षा कार्यालय, महिला तथा वालवालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मूल्याङ्कन प्रणालिलाई सम्वोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ती तथ्याङ्कहरुलाई हेर्दा विकाको कामहरुमा महिला, दलित, जनजाति तथा विपन्न वर्गका नागरीकहरुलाई वढी प्राथमीकता दिई उनीहरुको सहभागितालाई सुनिश्चित गरेको पाईयो । यसैगरी जिल्लामा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरुले पनि नेपाल सरकारको प्राथमिकतालाई ध्यानमा राखी कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाईयो । उनीहरुले राखेको तथ्याङ्कलाई आधार मान्दा पनि महिला तथा पछाडी परेका वर्गहरुको सलग्नता बढेको पाईयो ।

## ४) सेवाहरुमा पहुंचको क्षेत्र

यस जिल्लामा हाल सरकारी स्तरमा जिल्ला अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी १६ र उपस्वास्थ्य चौकी ४० रहेका छन् । हरेक गाविसमा कम्तिमा १ यस्ता स्वास्थ्य संस्थाहरु रहेका छन् । यसरी हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यसका बाबजुद आर्थिक वर्ष ०७१/७२ मा कूल २५७३४७ जनाले ओपिडि सेवा लिएकोमा गत आव २०७२/७३ मा यो सेवा लिनेहरुको संख्या घटेर २१७१३० पुगेको छ । त्यसैगरी स्थाई परिवार नियोजनको सेवा लिनेहरुमा १२९७ बाट बढेर १५४८ पुगेको छ भने अस्थाई नियोजन परिवार नियोजनको साधन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या ४५६७० पुगेको छ जुन अघिल्लो आवमा ३५६७० रहेको थियो ।

यस जिल्लामा क्याम्पस ३, दश जोड दुई सम्मका शैक्षिक संस्थाहरु ४२ रहेका छन् । त्यस्तै बालविकास केन्द्र ३७०, प्राथमिक विद्यालय ३४४, निम्न माध्यामिक विद्यालय ९२ र माध्यामिक विद्यालय ५० रहेका छन् । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेका छन र पढ्न चाहने सबै बालवालिकाहरुको लागि विद्यालय आधा घण्टा देखि २ घण्टासम्मको दुरीमा रहेको छ ।

जिल्लामा जम्मा ७ वटा कृषि सेवा केन्द्रहरु रहेका छन । एक सेवा केन्द्रले शालाखाला ७ गाविसका नागरिकहरुलाई सेवा पुऱ्याउनु पर्ने देखिन्छ र कृषि सेवा केन्द्रसम्म पुग्न नागरिकहरुलाई हिडेर तथा यातायातको साधन प्रयोग गरेर वढीमा २ घण्टामा सेवा लिन सक्ने अवस्था देखिन्छ । यस्तैगरी जिल्लामा जम्मा १२ वटा पशु सेवा केन्द्रहरु रहेका छन् । एक सेवा केन्द्रले औषत ४.२५ वटा गाविसका किसानहरुलाई सेवा पुऱ्याउनु पर्ने देखिन्छ र पशु सेवा केन्द्रसम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर वढीमा २ घण्टामा सेवा लिन सक्ने अवस्था देखिन्छ । यसरी हेर्दा कृषि तथा पशु सेवा केन्द्र अझ बढाउनुपर्ने देखिन्छ ।

जिल्लामा सञ्चालित विकासका कार्यक्रमहरुबाट जिल्लामा सामाजिक तथा आर्थिक क्षेत्रमा उल्लेखनिय सुधार आएको छ । पूर्वाधार विकास अन्तर्गत खासगरी सडक विस्तार र मर्मतले सेवा र वस्तुमा नागरिकहरुको पहुंच पुगेको देखिन्छ । सिंचाई योजनाहरुको निर्माण तथा मर्मतका कारण कृषि उत्पादनमा

बृद्धि भएको छ। विद्यालय जाने विद्यार्थीहरुको दर तथा कक्षा पास हुने विद्यार्थीहरुको दर पनि गत आवको तुलनामा बढेको छ । टोलटोलमा विद्यालयहरु रहेको छ । त्यस्तै स्वास्य सेवामा पनि नागरिकको पहुंच बढेको छ । दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने, गर्भवती जांच गर्ने, स्वास्थ्य संस्थामा गएर सेवा लिने प्रवृत्ति पनि बढेको देखिन्छ । कृषि तथा गैर कृषि क्षेत्रमा रोजगारी श्रृजना भई आम नागरिकको आम्दानी वढेको छ । खानेपानीको सुविधा पुगेपछि खानेपानी लिन जाने समय वचत भएको र सो समय आय आर्जको कामम उपयोग गरी आम्दानीको स्रोत बढेको देखिन्छ र बढेको आम्दानी शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा खर्च गर्ने गरिएको छ ।

**४) सुझावहरु**

- गर्भवती तथा सुत्केरी महिलाहरुको सेवा विस्तारका लागि हरेक गाविसहरुमा कम्तिमा १ सुत्केरी गराउन योग्य सुबिधासम्पन्न स्वास्थ्य संस्थाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- कृषकहरुलाई गुणस्तरीय सेवा सरल तथा सुलभ तरिकाले उपलब्ध गराउन केही सेवा केन्द्रहरु पायक पर्ने स्थानमा थप र केहीलाई स्थानान्तरण गर्नुपर्ने देखिन्छ ।
- रुपाान्तरणीय सामाजिक परिचालनलाई अझ प्रभावकारी बनाउन वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका लागि थप स्रोत जुटाई सदस्यहरुलाई अझ कृयाशिल बनाउन उनिहरुको क्षमता विकास गर्न गर्नुपर्ने देखिन्छ ।
- विकास र यसका सूचकहरुको व्याख्या गरी तद्नुरुप तथ्याङ्क अद्यावधिक गर्ने परिपाटी बसाउनु जरुरी छ । यसका लागि स्थानीय निकाय तथा लगायतका विषयगत कार्यालयहरु र अन्य गैर सरकारी निकायहरुले तथ्याङ्क अद्यावधिक गर्दा डाटाबेस व्यवस्थापन प्रणाली अवलम्वन गरी तथ्याङ्कमा एकरुपता ल्याउन जरुरी देखिन्छ ।
- गाविसहरुले तथ्याङ्क संकलन गर्दा पनि डाटाबेस व्यवस्थापन प्रणालीको फ्रेमवर्कसंग मेल खाने गरी गर्नुपर्ने देखिन्छ । यसले गर्दा स्थानीय निकायहरुले गरेका सवै क्रियाकलापहरु समेटिने र गरेको लगानीलाई पुष्टी गर्न पनि सजिलो हुन्छ। खास गरी तथ्याङ्कहरु लाभान्वित वर्ग, सेवाग्रहीहरु, जात जाती, सामाजिक वर्ग, आर्थिक वर्ग, लिङ्ग तथा भूगोल आदि जस्ता विषय सम्बन्धित सुचकहरु तयार गरी लागु गर्न अपरिहार्य छ ।

# भाग–१ परिचय

## १.१ दैलेख जिल्ला र जिल्ला विकास समिति दैलेख




चित्र नं. १ : जिल्लाको नक्सा

दैलेख जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्ने एक दुर्गम पहाडी जिल्ला हो । यस जिल्लाको पूर्व, पश्चिम, उत्तर, दक्षिण तर्फमा क्रमसः जाजरकोट, अछाम, कालिकोट र सुर्खेत जिल्लाहरु पर्दछन् । समुद्र सतह बाट ५४४ मि. (तल्लो डुङ्गेश्वर) देखि ४१६८ मि. (महावूलेक) सम्मको उचाईमा फैलिएको छ । राजनैतिक रुपमा ४९ वटा गा.वि.स, २ नगर पालिका, ११ वटा ईलाका र २ (दुई) निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । सदरमूकाम नारायण नगरपालीका दैलेख वजारमा रहेको छ । चूप्रा, दूल्लू , तल्लो डुंश्वर, राकम, नौमुले, ठांटिकांध, राकमकर्णाली आदि क्षेत्रमा व्यापार व्यवसाय हुने गरी बजार विस्तार भैरहेको छ । जिल्लाको कुल भू-भाग मध्ये ८० प्रतिशत भू-भाग पहाडी र २० प्रतिशत उच्च पहाडी क्षेत्रमा पर्दछ । जिल्लाको अधिकांश भागमा पत्रे चट्टान पाईन्छ भने वालुवायुक्त र कडा खाले चट्टान कमै पाईन्छ । जिल्लाको १५०५ वर्ग कि.मि. (१५००५१ हेक्टर) क्षेत्रफल मध्ये विभिन्न प्रयोजनको लागि तल उल्लेखित विवरण बमोजिम प्रयोग हुदै आएको छ । विश्व मान चित्रमा दैलेख जिल्ला ८१°२५' देखि ८१°५३' पूर्व देशान्तर र २८°३५' देखि २५°८' उत्तरी अक्षांस सम्म फैलिएको छ । यस जिल्लाका प्रमुख नदी तथा खोलाहरुमा कर्णाली नदी पश्चिम सिमानामा रहेको छ । जिल्ला भित्रका अन्य साना तथा ठूला खोलाहरुमा लोहोरे, छामाघाट, रामघाट, पराजुल, कट्टी, नाभिस्थान, ताराघाट खोला आदि हुन । सहायक खोलामा सुगुरखाल, सिम, भ्काक्री, दमारखोला, द्वारी मुल, भावल भित्री, सिमाठेकपानी, कुरा, सल्लेरी, छहरे, वुढी, जीडा, थुमका, कपुर, भ्कारी, भ्क्याउ, सेक्टीपानी मुहान, पैरा खोला, भैरे, सिदा, धारा, पानी, मौवा, माटीखानी, नाउली, कड्डे, वुढ्ढा, पहडा, निगालपानी, आहाल, घट्टे खोला आदी विभिन्न खोलानालाहरु छन । ताल तथा पोखरीहरुमा मालती गंगा, तालपोखरी, कर्णाली नदी तथा लोहोरे खोलाका छेउछाउमा सिमसार क्षेत्रहरु रहेका छन् ।

यस जिल्लाको औषत अकितम तापक्रम ३४° सेन्टीग्रेट र औषत न्यूनतम तापक्रम ५° सेन्टीग्रेट रहेको छ र वार्षिक वर्षा करिव १७०० मिलिमिटर सम्म हुने गर्दछ । भौगोलिक अवस्थिति अनुसार जिल्लाको जलवायु फरक फरक किसिमको पाईन्छ । औषत रुपमा यस जिल्लामा समशितोष्ण हावापानीको बाहुल्य रहेको छ । गृष्म र वर्षा ऋतुमा मनसुनी वर्षा हुने गर्दछ भने हिंउदमा कम पानी पर्दछ । यस जिल्लाको वनक्षेत्रलाई हावापानीका आधारमा निम्न अनुसारको रुपमा वर्गीकरण गर्न सकिन्छ ।

**(१) उष्ण सदावहार तथा उपोष्ण पतभ्कर वन :** उच्च तापक्रम तथा बढि वर्षा हुने समुद्र सतहदेखि २१०० मिटर सम्मको उचाईमा पाइने वनलाई उष्ण सदावहार वन भनिन्छ । तल्लो ढुङ्गेस्वर, कर्णाली नदीको किनार र सोको आसपासमा पाइने साल, सिसौं, जामुन, खयर, कर्मा, अस्ना आदि उष्ण सदावहार वनको रुपमा रहेको पाईन्छ भने कटुस, चिलाउने, खोटेसल्लो, सिमल, काफल, उत्तीस, ओखर चांप आदी

महाभारत क्षेत्रको पहाडमा उपोष्ण पतझर वनको रुपमा पाईने गर्दछ । यस प्रकारको वनले १८६५४ हे. अर्थात (२३.८७ %) भू भाग ओगटेको छ ।

(२) **शीतोष्ण कोणधारी वन :** समुद्र सतहदेखि करिव २१००-३१०० मिटरको पहाडी श्रेणीमा पाइने वन जंगललाई शितोष्ण कोणधारी वन भन्ने गरिन्छ । पैयू, उत्तीस, कटुस, तेजपात, लालीगुरासं, चुत्रो, टिमुर, ऐंसेलु, बांझ, अंगेरी, सौर खोटेसल्ला आदि वन र वनस्पतिजन्य रुख विरुवाहरुको बाहुल्य यस शीतोष्ण कोणधारी क्षेत्रमा भेटिन्छ । यस प्रकारको वनले ४६८५६ हे. अर्थात (५९.९७ %) दैलेख जिल्लामा रहेको वन क्षेत्रको सबै भन्दा बढी भू-भाग ओगटेको छ ।

(३) **लेकाली वन** : समुद्र सतहदेखि करिब ३१००-४१०० मिटरको हिमाली प्रदेशको तल्लो शृङ्खलमा पाइने वनलाई लेकाली वन भनिन्छ । पर्याप्त वर्षाविना पनि हुर्कन सक्ने धुपीसल्लो, देबदार, भोजपत्र, सेतो गुरास, खर्सु जस्ता रुखहरुको बाहुल्य रहेको छ । यस प्रकारको वनले १०१०९ हे. अर्थात (१२.९४%) वन क्षेत्रको भू भागमा रहेको छ ।

(४) **टुन्ड्रा वन** : समुद्र सतहदेखि करिव ४१०० मिटर देखि माथिको उच्च हिमाली भू-भागमा पाइने पतझडजन्य वनस्पीतिलाई टुन्डा वन भनिन्छ । काडादार अति होचा गुरांसका प्रजाति भोजपत्र जस्ता रुखविरुवाहरु पाईन्छन् । यस प्रकारको वनले २५१८ हे. अर्थात (३.२२%) वन क्षेत्रको भू-भाग रहेको छ ।

जनगणना २०६८ अनुसार यस जिल्लामा ४८९१९ घरधुरी संख्या रहेको छ भने, कुल जनसंख्या २६१७७० मध्ये १३४७८० महिला (५१.४९%) र १२६९९० पुरुष (४८.५१%) रहेकाछन् । यसैगरी जिल्लाको साक्षरता प्रतिशत ६२.९ प्रतिशत रहेको छ भने, औषत परिवार संख्या ५.३६, जनसंख्या वृद्धिदर ९०.६९ र जनघनत्व १७३.९३ प्रति वर्ग किलोमिटर रहेको छ । दैलेख जिल्लामा विभिन्न जातीको वासोवास छ । प्रमुख रुपमा ठकुरी, क्षेत्री, सार्की, मगर र बाहुन जातका मानिसहरुको बाहुल्यता देखिन्छ । यसका अलावा नेवार, दमाई, तामाङ्ग, गुरुङ्ग, योगी, गिरी, पुरी आदि जातको पनि बसोबास रहेको छ । जिल्लाका सिमान्त जातिमा गन्धर्व, वादी, राउटे, आदी पर्दछन् । प्रमुख जातीहरुमा ब्राम्हण क्षेत्री ५८.८ प्रतिशत, दलित २४.११, जनजाति ११.३ र अन्य १.६१, प्रतिशत रहेको छ । यहांका वासिन्दाहरुले वैशाखे संक्रान्ती, रक्षावन्धन, तिज, ऋषि पञ्चमी, दशै, तिहार, माघे संक्रान्ती, वसन्त पञ्चमी, फागु पूर्णीमा, शिवरात्री, रामनवमी जस्ता चाडपर्वहरु प्रमुख पर्वको रुपमा मनाउने गर्दछन । जिल्लामा हिन्दू धर्मावलम्वीहरुको बाहुल्यता रहेको छ । जनसंख्या अनुसार हिन्दु ९९.७५ प्रतिशत, बौद्ध ०.०८८, ईस्लाम ०.०९८ र ईसाइ तथा अन्य ०.०७४ प्रतिशत धर्म मान्नेहरु रहेका छन् ।

दैलेख जिल्लामा धेरै धार्मिक पुरातात्विक ऐतिहासिक र पर्यटकीय स्थलहरु रहेका छन । प्रमुख धार्मिक स्थलहरुमा पञ्चकोशी अन्तगरत श्रीस्थान, नाभीस्थान, पादुकास्थान, कोटीला र धुलेश्वर रहेका छन । अन्य प्रमुख मठ मन्दिरहरुमा स्वामी कार्तिक मन्दिर, दैलेख वजारको गणेश मन्दिर र नारायण मन्दिर, चामुण्डा देविको मन्दिर, विलासपुर भैरव मन्दिर, बज्र भैरव मन्दिर, मालिका देवीको मन्दिर, वुकी माईको मन्दिर, डुङ्गेश्वर, विन्द्रासैनी कालिका मन्दिर भवानी माईको मन्दिर र नौधारा इत्यादी पर्दछन । प्रमुख पर्यटकीय स्थलहरुमा गुरासें, राकम कर्णाली, धाउरवानी गुफा, द्वारीको झरना, घोडाताल, भैरवकुण्ड, तोलीजैसीको ठुलो छहारी, लालीकांडाको गुफा, वडाभैरवको शिखर, घौसापडा गुफा, राईली त्रिपानी, विसल्ला आदि पर्दछन । दैलेख जिल्ला पर्यटकिय दृष्टिले महत्वपूर्ण ऐतिहासिक पूरातात्विक स्थल र वस्तुहरुमा महावुगाथ, कोतगडी, पञ्चदेवल, किर्तिखम्व, पाथरनाउली, दुल्लु, सातखम्व, विलासपुर, भुर्तिको पंचदेवल, कुईकानाको देवल, दुल्लुको पौवा, वांणढुगां, लकान्द्रा भित्रको पाइला आदी छन ।

जिल्लामा बोलिने प्रमुख भाषा नेपाली भाषा हो । तर केही ठाऊमा गुरुङ, मगर, देउडा, नेवारी र राउटे भाषा पनि बोलिन्छ । राउटे भाषालाई खाम भाषा पनि भन्दछन् । यो जिल्लामा देशका विभिन्न जिल्लाहरु जस्तै बाग्लुङ्ग, पर्वत रुकुम, रोल्पा जुम्ला अछाम आदि ठाऊंहरुबाट बसाई सरी आएका र परापूर्व काल देखि नै यंही वसोवास गरिरहेका मानिसहरु बस्दै आएका छन् । यसका साथै यहां आन्तरिक र बाह्य बसाई सराई हुने गर्दछ । वसाई सर्ने क्रममा अन्य जिल्ला वांके, सुर्खेत, वर्दिया, कैलाली, काठमाण्डौं तर्फ बसाई सराई गरेको पाईन्छ । जनसंख्यको ९२ प्रतिशत जनता कृषि पेसामा आधारित छन् । मुख्य व्यवसायमा खेतीपाती, पशुपालन, कुखुरा पालन, वाख्रापालन, दुग्ध व्यवसाय, होटल व्यवसाय, ज्याला, कृषि, मजदुरी, प्रशासनिक सेवा, घरेलु उद्योग, जडिवुटी र अन्य व्यवसाय गरी जिविकोपार्जन गरिरहेका छन् ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्थानीय सरकारको रुपमा विकास गर्न खोजेको छ । यस ऐन र नियमावलीले नगरमा नगरपालिका, गाउंमा गाउं विकास समिति र जिल्लामा जिल्ला विकास समितिलाई आ-आफ्नो अधिकार र कर्तव्य वांडफाड गरी विकासको काममा आम नागरिकको सहभागिता सुनिश्चित गर्ने, पारदर्शिता कायम गर्ने र उनीहरुलाई बढि जिम्वेवार बनाउन मार्गचित्र तय गरेको छ । यसका लागि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले विभिन्न नीति, कार्यविधि, दिग्दर्शन तथा मार्ग निर्देशनहरु तयार गरी स्थानीय निकायको कामलाई सरलीकृत गर्दै आएको छ । जस अन्तर्गत जिल्ला विकास समितिले एक वर्षभरी गरेका कामहरुको सामाजिक परीक्षण गर्नु पनि जिविसको कर्तव्य हुन्छ ।

## १.२. सामाजिक परिक्षणको औचित्य

नेपाल सरकार (माननीय मन्त्रीस्तर)को मिति २०६८/१/१२ को निर्णयानुसार स्वीकृत स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ मा उल्लेख भए बमोजिम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१(१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरी कार्यान्वयन भई आएको छ । उक्त कार्यविधिको उद्देश्यमा खास गरेर स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गरेकोछ । त्यसैगरी सामाजिक परीक्षणको व्यवस्था स्थानीय निकायले अनिवार्य रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनु पनि हो । स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधारमानी लेखाजोखा गर्नु पर्ने व्यवस्था सामाजिक परिक्षणमा पर्दछ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । त्यसैगरी गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यसै विधिको प्रयोग गर्न सक्नेछन् र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नु स्थानीय निकायको दायित्व हुनेछ । यसै शिलशिलामा सामाजिक परीक्षणको अध्ययन गर्न जिविस दैलेखले सामाजिक सेवा केन्द्र (सोसेक) नेपाललाई

परामर्शदाता तोकि स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ अनुसारको प्रक्रिया अपनाई यो अध्ययन गरिएको छ ।

## १.३. सामाजिक परिक्षणको उद्देश्य

- ❖ दैलेख जिविसले गत आव २०७२/७३ मा गरेका कामहरुको पारदर्शिता र त्यसको लेखाजोखा गर्ने ।
- ❖ दैलेख जिविसले गत आव २०७२/७३ मा गरेका क्रियाकलापहरुबाट सामाजिक तथा आर्थिक क्षेत्रमा परेको प्रभावको अध्ययन गर्ने ।
- ❖ जिल्ला भित्र रहेका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रले गर्ने गरेको सामाजिक परीक्षणको लेखाजोखा गर्ने ।
- ❖ अध्ययनको आधारमा आगामी दिनहरुमा सम्पादन गरिने क्रियाकलापहरु सञ्चालनमा मार्ग निर्देश गर्नु ।

## १.४. सामाजिक परीक्षणको विषयगत क्षेत्र

यस अध्ययनको लागि निम्नानुसारको विषयगत क्षेत्रहरुलाई आधार मानी सामाजिक परीक्षण गरिएको थियो ।

(क) बालबालिका, महिला तथा समावेशी क्षेत्र ।

(ख) जनचेतना तथा गरिवी निवारण क्षेत्र ।

(ग) सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई)मा समान सहभागिताको क्षेत्र ।

(घ) सेवाहरुमा लक्षित वर्गहरुको पहुंचको क्षेत्र ।

# भाग–2 अध्ययन विधि र प्रक्रिया

सामाजि सेवा केन्द्र (सोसेक) नेपाले जिल्ला विकास समिति दैलेखले स्थानीय निकाय सामाजिक परीक्षण कार्यका लागि जिम्मेवारी दिए अनुसार सो कार्यको लागि दक्ष अनुभवनी प्राविधिकहरुको संलग्न गराई निम्न विधिहरूको अवलम्बन गरी अनुसन्धानात्मक ढंगले समाजिक परीक्षण गरेको थियो ।

## २.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा

सामाजिक परीक्षण कार्य गर्दा परिक्षक तथा परीक्षण टोलिले सो कार्यका लागि सन्दर्भ सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीहरुको विस्तृत रुपमा अध्ययन गरी अध्ययन प्रतिवेदन तयार गर्दा प्राप्त सूचनाहरुको समिक्षा र विश्लेषण गरिएको छ ।

## २.२ जिल्ला विकास समिति दैलेखका सम्बन्धित अधिकारीहरुसंग छलफल

यस अध्ययनको क्रममा परामर्शदाले जिल्ला विकास समिति दैलेखका सम्बन्धित अधिकारीहरुसंग छलफल गरी अध्ययनको बारेमा थप जानकारी लिएको थियो । यसले परामर्शदातालाई विषयको गम्भीर्यता र आवश्यताको गहिराईमा पुग्न सजिलो भएको थियो ।

## २.३ अन्तवार्ताको लागी प्रश्नावलीको तयारी

सामाजिक परीक्षणको लागि तयार गरेको कार्य निर्देश शर्तको आधार, विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन तथा जिल्ला विकास समिति दैलेखका सम्बन्धित अधिकारीहरुसंगको छलफलको आधार तथा विभिन्न वेव साईटहरुको अध्ययन गरेपछि अध्ययनका लागि विभिन्न सरोकारवालाहरुको लागि भिन्न भिन्न प्रश्नावली तयार गरिएको थियो । सूचना संकलन गर्नु भन्दा पहिले प्रश्नावली जिल्ला विकास समितिका सम्बन्धित अधिकारीहरुको प्रत्यक्ष समन्वयमा तयारी तथा प्रस्तुत गरी स्वीकृत गरिएको थियो ।

## २.४ अन्तरवार्ता, स्थलगत निरीक्षण, अवलोकन र समूह छलफल

स्वीकृत भएको प्रश्नावलीको प्रयोग गरी दैलेख जिल्ला विकास समिति र विषयगत कार्यालयहरू लगायत सम्बन्धित गैर सरकारी संस्थाहरुका सम्बन्धित अधिकारीहरुसंग सूचना संकलन गरिएको थियो । यसको लागि सम्बन्धित सरोकारवालाहरुसंग आवश्यकता अनुसार अन्तवार्ता, छलफल र अन्तकृया गरिएको थियो । खास गरी अन्तर्वार्ताले समेट्न नसकेका विषय वस्तुहरुलाई सम्बन्धित कर्मचारीहरू तथा लाभान्वित वर्गहरुको समूह बनाई समूह छलफल समेत गरिएको थियो । यस क्रममा स्थलगत निरीक्षण र अवलोकन समेत गरिएको थियो । समूह छलफलमा खास गरेर कार्यक्रम सञ्चालनको प्रक्रिया, कार्यक्रमहरुका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, सामाजिक जिम्मेवारीको बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयन अवस्था र भावी कार्यदिशाका बारेमा समेत बुँदागत रूपमा गहन अध्ययन गरिएको थियो । जसका लागि तल उल्लेखित विषयवस्तु समेटी सामाजिक परीक्षण कार्यविधिको अनुसूची २ र ३ लाई आधार मानिएको थियो ।

- ❖ बालबालिका, महिला तथा समावेशी क्षेत्र ।
- ❖ जनचेतना तथा गरिवी निवारण क्षेत्र ।

- ❖ सामाजिक विकास (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई)मा समान सहभागिताको क्षेत्र ।
- ❖ सेवाहरुमा पहुंचको क्षेत्र ।

यसका अतिरिक्त निम्न विषयहरुलाई पनि सूचना संकलनमा समावेश गरिएको थियो ।

- ❖ कार्यक्षेत्रको परिचय
- ❖ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू
- ❖ गत वर्षको मुख्य मुख्य उपलब्धिहरू
- ❖ यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरूको आधारमा प्रस्तुत गर्ने)
- ❖ सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- ❖ समस्याहरू
- ❖ सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

सामाजिक परीक्षण कार्यविधिमा उल्लेख भएबमोजमको आचारसंहिता पालना गरी सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको थियो । उल्लेखित आचारसंहिताहरु जस्तै विषयवस्तुमा मात्र केन्द्रित रहने, तथ्यांक र सूचनालाई आधार मान्ने, निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने, सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगरी प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने, व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने, सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने, सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने, बोल्दा पालै पालो बोल्ने, एउटा व्यक्तिले एकपटक मात्र बोल्ने र आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने तथा बीचमा अर्काको कुरा नकाट्ने आदीको शिष्टताको पालना गरिएको थियो ।

## २.५ प्रतिवेदन प्रस्तुति तथा छलफल

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कार्यान्वयन गर्नको लागि तयार गरेको सामाजिक परीक्षण कार्यविधिको अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा उल्लेखित विवरण तयार गरी सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागिहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो ।

- ❖ जिविसले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको सूचकको प्रभावका आधारमा जिविसले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति र स्थानीय निकायले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।
- ❖ जिविसकोतर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता, वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- ❖ जिविसले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर ।
- ❖ सामाजिक उत्तरदायित्व पूरा गर्न जिविसको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

## २.६ प्रारम्भिक प्रतिवेदन तयारी

सन्दर्भ सामग्रीहरुको अध्ययन, जिल्ला विकास समितिका पदाधिकारीहरुसंगको छलफल, अन्तवार्ता, समूह छलफल तथा सरोकारवालाहरुको सुझावहरु समेतलाई समेटेर प्रतिवेदन निम्नानुसार तयार गरिको छ । साथै प्रतिवेदनहरु निम्न समय रेखामा पेस गरिएको थियो ।

## २.७ अध्ययनको समय रेखा

उल्लेखित सम्पूर्ण कामहरु २२ दिन भित्रमा सम्पन्न भएको थियो । यसका लागि निम्न तालिका अपनाईएको थियो ।

**तालिकाः १ अध्ययन समय तालिका**

| क्रस | क्रियाकलाप | सम्पन्न गरेको मिति | कैफियत |
|---|---|---|---|
| १ | सन्दर्भ सामग्रीहरुको अध्ययन | ०७३ श्रावण १० देखि १३ | |
| २ | सूचना संकलन गर्ने चेकलिष्टको तयारी | ०७३ श्रावण १४ देखि १६ | |
| ३ | जिविस तथा अन्य सम्बन्धित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुसंग अन्तरक्रिया र समूह छलफल | ०७३ श्रावण १७ देखि १९ | |
| ४ | सन्दर्भ सामग्रीहरुको अध्ययन, अन्तवार्ता र छलफलबाट आएका सूचनाहरुको प्रारम्भिक प्रतिवेदन तयारी | ०७३ श्रावण २० देखि २५ | |
| ५ | तयार भएको प्रतिवेदन सरोकारवाला निकाय समक्ष प्रस्तुतीकरण | ०७३ श्रावण २७ | |
| ६ | सरोकारवालाहरुले सुझाएका सुझाव प्रतिक्रियाहरुलाई समेत सम्वोधन गरी अन्तिम प्रतिवेदनको तयारी | ०७३ श्रावण २८ देखि २९ | |
| ७ | अन्तिम प्रतिवेदन जिविसमा पेस | ०७३ श्रावण ३१ गते | |

# भाग–3 अध्ययनको परिणाम र विश्लेषण

## ३.१ महिला, वालवालिका तथा समावेशी क्षेत्र

### ३.१.१ स्वास्थ्य

उपलब्ध सूचनाको आधारमा दैलेख जिल्लामा कुल घरधुरी संख्याको ७८.६१ प्रतिशत घरधुरीका नागरिकहरुलाई एक घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था देखिएको छ जुन गत आवमा ७५.७९ प्रतिशत थियो । यस प्रकारको विकास खास गरेर थप सडक निर्माण तथा सडक मर्मत कार्यक्रम सञ्चालनबाट भएको पाईयो ।

पांच वर्ष मुनिका बालबालिकाहरुको प्रतिशत कूल जनसंख्याको ५.६५ प्रतिशत भएको देखिन्छ, जुन गत आवमा ५.९५ प्रतिशत थियो । खोप कार्यक्रममा जनचेतना अभिवृद्धि र राष्ट्रिय अभियानको खोपका कारण खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) ९६.५२ प्रतिशत भएको पाईयो जुन गत आवमा ९४.०२ प्रतिशत थियो । ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिशत गत ८५.९० आवमा प्रतिशतबाट वढेर यस वर्ष यो बढेर ८६.७२ प्रतिशत भएको पाईयो ।

दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिशत गत आवको ७१.६५ प्रतिशत बाट वढेर ७५.७५ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिशत ४३.२१ गत आवमा भएकोमा यो बढेर ५३.४७ भएको छ । यो स्तरको प्रगति हुनुमा खास गरेर जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पूर्वाधारमा वृद्धि, प्रसुति भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको सहभागित रहेको पाईयो । यस बारेमा थप नाकारीको लागि तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका: २ स्वास्थ्य क्षेत्रको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ३७०७७ | ७५.७९ | सडक निर्माण, सडक मर्मत | ३८४५५ | ७८.६१ |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | १५६०० | ५.९५ | परिवार नियोजनका साधनहरुको प्रयोगमा वृद्धि, खोप कार्यक्रममा विस्तार, जनचेतना वृद्धि । | १४७९५ | ५.६५ |
| खोपमा (विसिजि) पहुच भएको जनसंख्या( एक बर्ष मुनीका बालबालिकाको आधारमा) प्रतिशत | १४६४६ | ९४.०२ | वच्चा जन्माउने ठाउंमा खोपको व्यवस्था, खोप कार्यक्रममा जनचेतना अभिवृद्धि | १३६५१ | ९६.५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ पटक गर्भवती जाच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ८९४७ | ८५.९० | जनचेतना अभिवृद्धि, स्वास्थ्य कार्यकर्ताल तालिम, स्वास्थ्य संस्थामा पूर्वाधारमा वृद्धि। | १०७५१ | ८६.७२ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ६४१० | ७१.६५ | जनचेतना अभिवृद्धि, स्वास्थ्य कार्यकर्ताल तालिम, स्वास्थ्य संस्थामा पूर्वाधारमा वृद्धि, प्रसुति भत्ता वितरण । | ७५१० | ७५.७५ |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | ० | ० | जनचेतना | ० | ० |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | २११३७ | ४३.२१ | जनचेतना, सडक निर्माण, सेवा र सुविध विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्कर्मीको व्यवस्था | २६१५९ | ५३.४७ |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, दैलेख र वार्षिक प्रगति प्रतिवेदन २०७२/७३, जिविस दैलेख ।*

### ३.१.२ शिक्षा क्षेत्रको अवस्थाः

विभिन्न स्रोतहरुबाट संकलन गरिएको सूचनाको आधारमा पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर ५७.५ प्रतिशत पाईयो जुन गत आवमा ५१.७ प्रतिशत थियो । कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा ९२.०० बाट बढेर ९४.०० प्रतिशत पुगेको छ। प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोर्‍याउने प्रतिशत दर ११.३० प्रतिशतबाट घटेर ७.११ प्रतिशत पुगेको छ। प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोर्‍याउने प्रतिशत दरबाट घटेर ७.११ पुगेको कक्षा छ भने उत्तिर्ण हुने दर ८८.७० प्रतिशतबाट बढेर ८९.८० प्रतिशत पुगेको छ । प्राथमिक तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत ७६.२६ भएको र प्रति कक्षा कोठा विद्यार्थी संख्या २८ पाईयो जुन गत आवमा २७.०६ विद्यार्थी प्रति कक्षा थियो ।

राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण, सरकारी निकाय, स्थानीय निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्यको कारण यो प्रगति हासिल भएको पाईयो । विस्तृत जानकारीको लागि तालिका २ हेर्नुहोला ।

**तालिकाः ३ शिक्षा क्षेत्रको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | ० | ० | | ० | ० |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ८९३७ | ५१.७ | राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा | ८६७४ | ५७.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राथमिक विद्यालयमा पहुच नभएका सबै उमेर समूहका बालबालिका संख्या /प्रतिशत | ० | ४.६ | विस्तार, अभिभावक शिक्षा, निशुल्क पुस्तक वितरण, महिला तथा दलित छात्रवृत्तिको व्यवस्था । | ० | २.३ |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ६२१४ | ९२.०० | विद्यार्थि भर्ना अभियान | ६७२१ | ९४.०० |
| प्राथमिक तहमा कक्षा छोड्ने वा दोहोऱ्याउने (प्रतिशतदर) | ७०२ | ११.३ | राष्ट्रिय साक्षरता अभियान, विद्यालय व्यवस्थापनमा सुधार, खानेपानी तथा चर्पीको सुविधा विस्तार, अभिभावक शिक्षा, विद्यालय भवन मर्मत, थप कोठा निर्माण, स्थानीय निकाय संगकोसमन्वय र सहकार्य । | ३४० | ७.११ |
| कक्षा उत्तिर्ण हुने दर | ५५१२ | ८८.७० | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा, कक्षा कोठामा भौतिक सुविधा विस्तार, पाठ्य सामग्रीको थप व्यवस्था, समयमा पुस्तक वितरण । | ६५१७ | ८९.८० |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या(प्रतिशत) | १९१२ | ७६.२३ | शिक्षकहरुलाई तालिम, अभिभाभक शिक्षा । | १९१२ | ७६.२३ |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | २७.०६ | | थप कक्षा कोठा निर्माण, शिक्षक कोटा वढेको । | २८ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, दैलेख ।*

### ३.१.३ खानेपानी तथा सरसफाई

जिल्लामा खानेपानी तथा सरसफाईको क्षेत्रमा पनि प्रगति हुँदै गएको देखिन्छ आव २०७१/७२ मा ८६.१६ प्रतिशत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०७२/७३ मा यो ९३.५४ भएको देखिन्छ । खासगरी सहरी क्षेत्रमा बढदो जनसंख्याको चाप र त्यसको आधारमा खानेपानीका योजनाहरु सञ्चालन हुन नसक्दा नगरपालिकामा भने खानेपानी पर्याप्त नभएको पाईयो शौचालय भएको परिवारको प्रतिशत गत आवमा ८६.९१ बाट बढेर यस आवमा ९२.३८ प्रतिशत पुगेको छ भने खानेपानी र चर्पीको सुविधा भएको प्राथमिक विद्यालयहरुको तथ्यांक हेर्दा ९५ प्रतिशत भएको पाईयो जुन गत आवमा ८९ प्रतिशत थियो । चर्पीको क्षेत्रमा यस्तो विकास हुनुमा खुल्ला दिशा मुक्त क्षेत्र घोषणा अभियान, प्यान तथा पाईपहरुमा सामान अनुदान तथा सरकारी, गैर सरकारी तथा स्थानीय निकायहरु बीचको समन्वय, सहकार्य, आम नागरिकहरुको संलग्नता मुख्य कारण रहेकाछन् । यसको बारेमा विस्तृत जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका: ४ खानेपानी तथा सरसफाईको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ३७६१२ | ८६.१६ | नयां खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत | ४५७६० | ९३.५४ |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ४२५१९ | ८६.९१ | जनसहभागिता बढाउन सामाजिक परिचालन, | ४५१९३ | ९२.३८ |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | २४३ | ८९ | स्थानीय निकाय, सरकारी निकाय र गैर सरकारी निकाय विचको समन्वय र सहकार्य । | २५१ | ९५ |
| सौचालय भएको प्राथमीक विद्यालय संख्या | २४९ | ९१.३ | | २५१ | ९५ |
| सुधारिएको चुलो भएको परिवार संख्या | | ० | सूचना प्राप्त नभएको । | | ० |

*स्रोत: खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दैलेख ।*

## ३.२ जनचेतना तथा गरिवी निवारण क्षेत्र

जनचेतना तथा गरिवी निवारणको क्षेत्रमा यस दैलेख जिल्लामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको कुरा विभिन्न तहको सूचना संकलनबाट जानकारी भयो । यसलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ३.२.१ गरिवीको अवस्था

गोगनपानी गाविस गरिवी मापनको आधारमा वर्ग २ मा, २६ गाविस वर्ग ३ मा, २२ गाविस वर्ग ४ मा र २ नपा वर्ग ५ अन्तर्गत भएको विकास योजनाहरुबाट प्रत्यक्ष रुपमा समेटिएका नागरिकहरुको प्रतिशत ३५ तथा अप्रत्यक्ष रुपमा समावेश भएका नागरिकको प्रतिशत ६० भएको पाईयो ।

### ३.२.२ सामाजिक परिचालन र जनचेतना

जिल्लाका सवै गाविसहरुमा सामाजिक परिचालन कार्य सञ्चालनमा आएको पाईयो । यसका लागि कुल ४४१ वडा नागरिक मञ्च र ९८ नागरिक सचेतना केन्द्र स्थापना भएका छन् । प्राप्त तथ्याङ्क अनुसार वडा नागरिक मञ्चमा कूल १०९४४ सदस्य भएको र जस मध्ये ५२.० प्रतिशत पुरुष र ४८.० प्रतिशत महिला भएको पाईयो । यसरी हेर्दा महिलाको संख्या बढी रहेको देखिन्छ जुन नेपाल सरकारको नीतिसंग मेल खान जानुका साथै वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रलाई प्रभावकारी बनाउन र त्यसका सदस्यहरुको सक्रियता बढाउन कठिन प्रयास गर्नुपरेको र कतिपय अवस्थामा राजनैतिक दललाई प्रतिस्थापन गर्न यी अवयवहरु गठन भएको हो कि भन्ने शंका पनि व्यक्त भएको थियो । यद्यपी सामाजिक परिचालन राम्रो कार्यक्रम भएकोले यसका लागि थप स्रोत उपलब्ध हुनसके सामाजिक परिचालनबाट जागरुक भएका आमनागरिकहरुलाई बढी सक्रिय गराउन सजिलो हुने कुरा बताईएको थियो ।

**तालिकाः ५ सामाजिक परिचालनको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धी | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| जम्मा वडा नागरिक मञ्चको संख्या | ४४१ | | स्थानीय सेवा प्रदायक र सामाजिक परिचालकहरुले तोकिएको कामहरु समयमा नै सम्पन्न गरेको । जिविसले अनुगमन कार्यलाई प्रभावकारी बनाएको । | ४४१ | |
| जम्मा नागरिक सचेतना केन्द्रको संख्या | ९८ | | | ९८ | |
| वडा नागरिक मञ्चका सदस्यहरुको संख्या | | | | | |
| महिला | ५२८५ | ४८ | | ५२८५ | ४८ |
| पुरुष | ५६५९ | ५२ | | ५६५९ | ५२ |
| जम्मा | १०९४४ | १०० | | १०९४४ | १०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आब २०७२/७३, जिल्ला विकास समितिको कार्यालय, दैलेख ।*

यसैगरी स्थापना भएका ९८ नागरिक सचेतना केन्द्रमा कूल ३३१६ नागरिक सदस्य भएकोमा २२.२९ प्रतिशत पुरुष र ७७.७१ प्रतिशत महिला भएको पाईयो । यसरी हेर्दा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रमा पुरुषको तुलनामा महिलाको संख्या देखिने ढंगले नै बढी भएको देखिन्छ। यसको विस्तृत जानकारी तल उल्लेख गरिएको छ ।

**तालिकाः ६ नागरिक सचेतना केन्द्रका सदस्यहरुको संख्या**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धी | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| महिला | २५७७ | ७७.७१ | जिल्ला सामाजिक परिचालन समितिलाई सेवा प्रदायकहरुलाई सक्रिय पारेको, स्थानी निकायलाई जिम्वेवार वानएको । स्थानीय सेवा प्रदायकको कामको अनुगमनलाई तिव्रता दिएको । | २५७७ | ७७.७१ |
| पुरुष | ७३९ | २२.२९ | | ७३९ | २२.२९ |
| जम्मा | ३३१६ | १०० | | ३३१६ | १०० |
| जम्मा सामाजिक परिचालकहरुको संख्या | | | | | |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आब २०७२/७३, जिल्ला विकास समितिको कार्यालय, दैलेख ।*

जिल्ला विकास समितिले गरीवसंग विशेश्वर कार्यक्रम मार्फत ७ गाविस र १ नगरपालिकामा सामाजिक परिचालन गरी ९६ समूह गठन भई ती समूहहरु सक्रिय रहदै आएकाछन । ती समूहमा जम्मा २८८७ सदस्यहरु आवद्ध भएका छन् र रु ४१ लाख ४७ हजार ४०० वचत गरी ४१ लाख ४७ हजार ४०० लगानी भएको छ । यसबाट १५५ भन्दा वढी महिलाहरु आफ्नो पेशा संचालन गरी स्वरोजगार बनेका छन् । यसको विस्तृत जनाकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः ७ सामाजिक परिचालन अन्तर्गत गरीवसंग विशेश्वर कार्यक्रम**

| सि.नं. | गा.वि.स. | समूह संख्या | सदस्य संख्या | | | वचत विवरण | लगानी |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | नारायण न.पा. | २० | १३४ | १०२ | २३६ | १०७८९९० | १०७८९९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | गमौडी | १४ | १७५ | ७२ | २४७ | ८५५६७० | ८५५६७० |
| ३ | जम्वूकांध | ९ | १७३ | ४५ | २१८ | ७८७६६५ | ७८७६६५ |
| ४ | लांकूरी | १३ | २७५ | ११३ | ३८८ | ८९०६५५ | ८९०६५५ |
| ५ | वडाभैरव | ११ | २५१ | ० | २५१ | १५३४४० | १५३४४० |
| ६ | वालूवाटार | ९ | २७४ | ० | २७४ | ११३९८० | ११३९८० |
| ७ | वराह | ११ | २७८ | ० | २७८ | १४३२२० | १४३२२० |
| ८ | पिपलकोट | ९ | २९५ | ० | २९५ | १२३७८० | १२३७८० |
| | **कूल जम्मा** | **९६** | **१८५५** | **३३२** | **२१८७** | **४१४७४००** | **४१४७४००** |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आब २०७२/७३ जिल्ला विकास समितिको कार्यालय, दैलेख ।*

### ३.२.३ सामाजिक विकृति निर्मूल

जिल्ला विकास समितिको अगुवाईमा गाविसहरु, सामाजिक परिचालकहरु, महिला तथा बालबालिका कार्यालय, बालकल्याण समिति, महिला सञ्जाल, बाल क्लव, दलित, जनजाती संघ तथा अन्य संघ संस्थाहरुद्धारा संचालित चेतनामूलक क्रियाकलापहरुले सामाजिक विकृति हटाउने काम गरिरहेको पाईयो । घरदैलो कार्यक्रम, प्लेकार्ड, जुलुस, तालिम, गोष्ठि कार्यक्रमहरु सञ्चालन गरी यसलाई सार्थक बनाउन प्रयास गरेको पाईएको छ । यसका लागी विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु मनाउने महिला दिवस, बाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी कार्यक्रमहरु सञ्चालनमा ल्याइएको पाईयो । अध्ययनको क्रम तथा विभिन्न सरोकारवालाहरुसंगको छलफ तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा विगतमा समाजमा देखिएको भेदभाव, वहिष्कृतिकरण, छुवाछुत जस्ता मानववादसंग मेल नखाने विकृतिहरु कम हुदै गएको भन्ने पाईयो । यद्यपी केही गाउंघरमा भने यो प्रचलन अझै रहेको कुरा छलफलका क्रममा बताईएको थियो । साजमा बाल विवाह कम भएको भएतापनि प्रेम विवाहहको कारण कम उमेरमा विवाह हुने क्रम भने रहेको पाईयो । चेलिबेटी वेचविखन तथा जबर्जस्ती करणी कार्यहरु पनि बिगतको तुलनामा केही घटेको बताएका थिए । गत आवमा ५ जना चेलीहरुलाई उद्धारपछि सेवा दिएको, ३ जनालाई पारिबारिक पुनरमिलन गरिएको थियो । त्यसैगरी मानव वेचविखन तथा ओसारपसार नियन्त्रण उद्धार कोषखडा गरि रकम रु ३५ हजार समेत सो कोषमा राखिएको थियो । यसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः ८ सामाजिक विकृतिको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धी | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| बाल बिवाहको संख्या | ९ | | जनचेतना, सरकारी, गैर सरकारी निकाय तथा स्थानीय निकाय विचको समन्वय र सहकार्य | ० | |
| छुवाछुत तथा सामाजिक भेदभाव | छुवाछुत तथासामाजिक भेदभाव न्युन हुदै गएको | | | | |

*स्रोतः जिल्ला वाल कल्याण समिति, दैलेख ।*

### ३.२.४ सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) को यथोचित सम्बोधन

सामाजिक सुरक्षाकोलागि जिल्लामा स्थानीय निकायहरुको साथै महिला तथा बालबालिका कार्यलय पनि सक्रिय रुपमा काम गर्दै गरेको पाईयो । यसका लागि स्थानीय निकायहरुले सामाजिक सुरक्षको दायरामा पर्ने जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपोन्मूख जस्ता जाती र नागरीकहरुको तथ्याङ्क अद्यावधि गर्ने र सोको आधारमा योजना बनाई राज्यद्धारा प्राथमीकतामा राखेको सामाजिक सुरक्षा कार्यक्रमलाई यथोचित सम्वोधन गरेको पाईयो । प्राप्त सूचना अनुसार यय कार्यक्रमको दायरामा पर्ने सबै नागरीकहरुले यो सुविधा पाएको पाईयो । तुलनात्मक रुपले हेर्दा जेष्ठ नागरीक, एकल महिला तथा अपांगहरुको संख्या गत आवमा भन्दा यस आवमा बढेको पाईयो यसको मूल कारणमा गाविसहरुले तथ्याङ्क संकलनमा प्राथमीकता दिएको पाईयो । यसको विस्तृत जानकारी तल उल्लेखित तालिकामा देखाईएको छ ।

**तालिकाः ९ सामाजिक सुरक्षाको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धी | |
|---|---|---|---|---|---|
| | जम्मा संख्या | समेटिएका संख्या | | जम्मा संख्या | समेटिएका संख्या |
| जेष्ठ नागरिक | ११४५१ | ११४५१ | गाविस तथा नगरपालिका र वार्ड तहमा जनचेतना कार्यक्रम सञ्चालन, घरधुरी सर्वेक्षण, राजनैतिक दल, सामाजिक कार्यकर्ता, गैसस तथा सामुदायिक संस्थाहरु संगको सहकार्यमा यथार्थ तथ्याङ्क संकलन । | ११३९५ | १०७०१ |
| एकलमहिला | ४७५१ | ४७५१ | | ५८४५ | ५८४५ |
| अपांग | १९२ | १९२ | | २२६ | २२६ |
| पिछडिएको क्षेत्र लोपोन्मूख जाती | ० | ० | | १६१ | १६१ |
| दलित बालबालिका | १४१३१ | १४१३१ | | ९७०५ | ९७०५ |

*स्रोतःवार्षिक प्रगति प्रतिवेदन आ २०७२/७३ जिल्ला विकास समितिकोकार्यालय, दैलेख ।*

### ३.२.५ बाल श्रमको अवस्था

बाल श्रमको अवस्थामा केहि कमी आउदै गरेको भएतापनि यस क्षेत्रमा अझै कामर्नुपर्नेग देखिन्छ । यो समस्या अझै राम्रोसंग सम्बोधन हुन नसकेको पाईयो । बालश्रमको हकमा बालिकाको तुलनामा बालकहरु बढी भएको देखिन्छ । बाल श्रमीकहरु व्यक्तिगत घर, होटल, निर्माण कार्य, उद्योग, व्यापारमा बढी भएको पाईयो । जिल्ला बाल कल्याण समितिबाट प्राप्त तथ्याङ्क अनुसार आव २०७२/७३ मा जिल्लामा कुल २८ बाल श्रमीक रहेका छन जुन गत आव २०७१/७२ मा ५१ थियो जसमा वालक ७५ प्रतिशत र बालिका २५ प्रतिशत भएको पाईयो । समूह छलफलमा आएको निचोड अनुसार घरेलु श्रमीको रुपमा बढी बालिका र होटल, होटल, निर्माण कार्य, उद्योग, व्यापारमा बढी बालक भएको पाईयो । विस्तृत जानकारीको यसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः १० बाल श्रमको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धी | |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| बालिका | ११ | २१.५६ | चेतनामूलक कार्यक्रमहरु, सामाजिक परिचालन, सडक | ७ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| बालक | ४० | ७८.४४ | नाटक, बाल गृह, बाल शिक्षा, डकुमेन्ट्री प्रदर्शन आदि । | २१ | ७५ |
| जम्मा | ५१ | १०० | | २८ | १०० |
| बाल क्लवहरूको संख्या | ९२ | | | १५२ | |

*स्रोतः जिल्ला वाल कल्याण समिति, दैलेख ।*

### ३.२.६ गरिवी निवारणका प्रयासहरू

गरिवी निवारणका लागि जिल्लामा विभिन्न संघ संस्थाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ । स्थानीय निकायहरुले पूर्वाधार विकासका कामहरुलाई बढी प्राथमीकता दिंदै आएको पाईयो ।

#### क) पूर्वाधार विकास

जिल्ला विकास समिति तथा गाउं विकास समितहरुले पूर्वाधार विकासको माध्यमबाट आम नागरिकहरुलाई सेवा तथा वस्तुमाथि उनिहरुको पहुंच बढाउन सहयोग गरेको पाईयो । ग्रामीण सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई, विद्यालय भवन निर्माण तथा मर्मत, पर्यटन स्थलहरुको मर्मत तथा प्रवर्द्धन जस्ता योजनाहरु सञ्चालन गरेको पाईयो । जिल्ला विकास समितिले सञ्चालन गरेका कुल योजना मध्ये १७.४८ प्रतिशत सडक, पुल, कल्भर्ट, २४.०१ प्रतिशत जनसहभागितामा आधारित कार्यक्रम, आय आर्जनमा ७.६९ प्रतिशत खानेपानीमा ३.०३ प्रतिशत योजनाहरु थिए । अन्य योजनाहरुमा सिंचाई, भवन, पर्यटन विकास आदी कार्यमा लगानी गरेको पाईयो । सामाजिक विकास कार्यमा खास गरेर समूह गठन, कृषि व्यवसाय तथा पशुपालन तालिम, जडिवुटी तथा गैरकाष्ठ वनपैदावार खेती, तरकारी खेती, सिलाई कटाई तालिम तथा प्रसार सेवा उपलब्ध गराएको देखिन्छ । यसरी जिल्ला विकास समितिले पूर्वाधार तथा सामाजिक विकासलाईसंग संगै लैजाने प्रयास गरेको देखिन्छ । यसको विस्तृत जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः ११ पूर्वाधार विकास**

| विवरण | गत आव | | यस आव | |
|---|---|---|---|---|
| | जम्मा योजना | प्रतिशत | जम्मा योजना | प्रतिशत |
| सडक, पुल, कलभर्ट | २५४ | २७.९४ | ७५ | १७.४८ |
| आर्थिक पूर्वाधार | ११३ | १२.४३ | ६५ | १५.१५ |
| खानेपानी तथा सरसफाई | ४१ | ४.५१ | १३ | ३.०३ |
| सिंचाई | ४३ | ४.७३ | २७ | ६.२९ |
| भवन | ८३ | ९.१३ | १२ | २.८० |
| बातावरण तथा पर्यटन विकास | ६१ | ६.७१ | ७४ | १७.२५ |
| आय आर्जन (कृषि व्यवसाय र पशुपालन) | ४८ | ५.२८ | ३३ | ७.६९ |
| जनसहभागितामा आधारित कार्यक्रमहरु | १०६ | ११.६६ | १०३ | २४.०१ |
| स्वास्थ्य | ११२ | १२.३२ | ३ | ०.७० |
| शिक्षा | ४८ | ५.२८ | १८ | ४.२० |

| | | | | |
|---|---|---|---|---|
| लघु जलविद्युत तथा विद्युत लाइन विस्तार | | | ४ | ०.९३ |
| नदि नियन्त्रण तथा तटबन्धन | | | २ | ०.४७ |
| **कुल जम्मा** | ९०९ | १०० | ४२९ | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आब २०७२/७३, जिल्ला विकास समितीको कार्यालय, दैलेख ।*

योजना सञ्चालनको लागि जिल्ला विकास समितिले स्थानीय नागरिकहरुलाई बढी संलग्न गराउने गरेको पाईयो जनसहभागितामा आधारित कार्यक्रमहरु शिक्षा, खानेपानी, विद्युत, झोलुङ्गे पुल जस्ता आयोजनाहरु खासगरी उपभोक्ता समितिहरु र सडक निर्माण तथा मर्मत योजनाहरु ठेक्काबाट गरेको पाईयो । यसरी हेर्दा उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने योजनानै बढी पाइएकोले नेपाल सरकारको नीतिलाई जिविसले अवलम्बन गरेको पाईयो कूल सञ्चालित योजनाहरु मध्ये ९५.३२ प्रतिशत योजना उपभोक्ता समिति र वाकि ४.६८ प्रतिशत योजनाहरु ठेकेदार मार्फत सञ्चालन भएको पाईयो । यसको थप जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः १२ योजना सञ्चालनमा समुदायको संलग्नता**

| योजना सञ्चालन गर्ने निकाय | गत आव २०७१/०७२ | | यस आव २०७२/०७३ | |
|---|---|---|---|---|
| | योजना संख्या | प्रतिशत | योजना संख्या | प्रतिशत |
| जिल्ला विकास समिति ( उपभोक्ता समिति मार्फत) | १४५ | ५७.५४ | १२५ | ५४.५९ |
| ठेकेदार | ५ | १.९८ | ५ | २.१८ |
| केन्द्रिय योजना | १७ | ६.७५ | १७ | ७.४२ |
| एलजिसिडिपि | २२ | ८.७३ | २७ | ११.७९ |
| जिविस आन्तरिक स्रोत | ६ | २.३८ | ७ | ३.०६ |
| मर्मत सम्भार कोष | १५ | ५.९५ | १७ | ७.४२ |
| स्थानीय यातायात क्षेत्रगत | ४ | १.५९ | ५ | २.१८ |
| गाविस मार्फत( उपभोक्ता समिति) | ९ | ३.५७ | ११ | ४.८० |
| सांसद विकास कोष (उपभोक्ता समिति) | १० | ३.९७ | ८ | ३.४९ |
| निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम | १९ | ७.५४ | ७ | ३.०६ |
| **कूल जम्मा** | २५२ | १००.०० | २२९ | १००.०० |

*स्रोतः वार्षिक प्रगति प्रतिवेदन आ २०७२/७३, जिल्ला विकास समितिको कार्यालय, दैलेख*

जिल्ला विकास समितिको योजनाहरुको संख्या गत आवको तुलनामा यस आवमा कम भएको पाईयो । सूचना अनुसार जिविसले साना योजनाहरुको संख्या कम गरेको र प्राप्त बजेटको आधारमा मात्र योजना स्वीकृत गरेको थियो भने केही साना योजनाहरु गाविसलाई संचालन गर्ने जिम्वेवारी दिईएको यसले गर्दा जिविसका क्रमागत योजनाहरुको संख्या घटाउन सजिलो भएको छ ।

## ख) सामाजिक विकास र रोजगारी प्रर्वधन

पूर्वाधार विकासबाट प्राप्त अवसरहरुलाई उपयोग गरी जिल्लामा सामाजिक विकास मार्फत रोजगारीका अवसरहरु श्रृजना गर्ने थुप्रै कार्यक्रमहरु सञ्चालनमा आएको पाईयो । रोजगार प्रर्वधनको लागि कृषि, पशु तथा गैर कृषि व्यवसायहरु सञ्चालन भएको पाईयो । जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको संयुक्त प्रयासमा कृषि क्षेत्रमा ७१९, पशुपालन २३५ र तथा अन्य गैर कृषि क्षेत्रमा ६७० रोजगारी श्रृजना भएको देखिन्छ । यसवारे थप जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः १३ गरिवी निवारणका प्रयासहरू**

| सञ्चालन गर्ने निकायहरु | स्वरोजगारका प्रयासहरु | उपलब्धी |
|---|---|---|
| जिल्ला विकास समितिको कार्यालय | जिविसले गरीवसंग विशेश्वर कार्यक्रम तथा जिल्ला कृषि, पशु, महिला तथा वालवालिका, घरेलु तथा साना उद्योग विकास समिति तथा अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरुसंग समन्वय र सहकार्य गरी स्वरोजगार श्रृजना गर्न विभिन्न सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, नगद तथा वस्तु अनुदान दिने व्यवस्था गरेको छ । बचत परिचालन गरी समूह विस्तार तथा सुदृढीकरण कार्यलाई निरन्तरता दिएको छ । पुर्वाधार विकासका कार्यक्रमहरु खास गरी सडक, सिंचाई, खानेपानीजस्ता कार्यक्रमहरुले पहुंच वृद्धि गरेको छ । खासगरी ग्रामीण कृषि कार्यकर्ता तालिम, मौरीपालन, बाख्रापालन, मौरीघार वितरण, तरकारी खेती, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम आदि क्रियाकलापहरु स्वरोजगारी बढाउन सहायक बनेकाछन् । | गरीवसंग विशेश्वर कार्यक्रम मार्फत ५२ समूह का ८५४ सदस्यहरुबाट रु ५ लाख ५६ हजार २ सय सतसठ्ठी वचत गरी रु ५ लाख १२ हजार ६ सय नब्बे लगानी गरेको छ । १७ जना कृषक तरकारी खेती, ५ जना कुखुरा पालन, १०जना माहुरी, ७ जना पशु स्वास्थ्यमा लागि ३९ कृषक स्वरोजगारी बन्न सफल भएको छ । यसबाट थप २५० जना अप्रत्यक्ष रुपले भएको पाइयो । |
| जिल्ला कृषि विकास कार्यालय | यस कार्यालयले खास गरी कृषि उद्योग विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगार विकास गर्न पहल गरेको पाईयो । खासगरी बेमौसमी तरकारी खेती, प्लास्टिक घर भित्र गोलभेडा खेती, मौरी पालन लगायत ग्रामीण कृषि कार्यकर्ता तालिम आदिबाट सीप विकास भएको र कृषि सामग्रीहरुको माग तथा पहुंच बढेको पाइयो । साना सिंचाई, माटो जांच, घुम्ती शिविर तथा व्यवसायिक तरकारी खेती तालिम तथा उद्यम विकास तालिमहरु कृषि उद्यम विकासका लागि सहायक बनेका छन् । | ६५ कृषक समूहमा १५९४ कृषक सदस्य छन् । जसमध्ये ६८.०४ प्रतिशत महिला र ३१.९६ प्रतिशत पुरुष रहेका छन् । मौसमी तथा बेमौसमी तरकारी खेती गरी थप ५७ कृषक उद्यमी बनेका, फलफुलबाट ३१, मौरी पालनबाट १५, र च्याउबाट १८ कृषकहरु थप आम्दानी गर्न सफल भएका छन् । |
| जिल्ला पशु सेवा कार्यालय | प्रशिक्षक प्रशिक्षण सीप विकास, चरण तथा पशु आहार व्यवस्थापन, कृत्रिम गर्भाधान, गर्भ परीक्षण, कुखुरा पालन, वंगुर पालन, पशु स्वास्थ्य बांझोपन निबारण शिविर, घासको वीउ वितरण, पशु प्रजनन कोषको स्थापना, नश्ल सुधार आदी कार्यक्रमहरु सञ्चालन गरी पशु विकासमा सहयोग गरेको थियो । पशुपालन सम्बन्धमा प्राविधिक सेवा, मासु व्यवसाय तथा दुग्ध व्यवसाय तालिम, घासको वीउ वितरण, बोर जातको बोका | पशु विकासको लागि कुल ६९ कृषक समूह गठन भएका छन् र तिनमा कुल १२२९ सदस्यहरु रहेका छन् । उद्यमशीलतालाई हेर्ने हो भने जिल्लामा २१ वटा व्यवसायिक गाई/भैंसी फर्म १९ वटा वाखा फार्म र ७ वटा बंगुर फर्म सञ्चालनमा छन् । जिल्लामा गत साल थप ३ वटा एग्रोभेट, ३ मासु पसल, |

| | | |
|---|---|---|
| | ब्याड वितरण आदी कार्यक्रमहरु सफल भएका थिए । | १ डेरी उद्योग, ३ कृषक गाई पालनबाट उद्यमी बनेका छन् । |
| घरेलु तथा साना उद्योग कार्यालय | अचार तालिम, अगरवत्ती तालिम, सिलाई कटाई, फुरन्दाना, व्यवसायिक योजना, वजार व्यवस्थापन तालिम आदि सञ्चालन गरिएको थियो । | सीप विकास तालिमबाट जम्मा ३५ (अचार वनाउने २४ जना सिलाइकटाई ४० र वजार व्यवस्थापन तालिम १९ जना) त्यसै गरी सहभागितामा सञ्चालित तालिमहरुबाट जम्मा ३१ जना (सिलाई कटाई, खाजा नास्ता, हाते होजियारी) लाई तालिम दिएकोमा २१ जनाले आफ्नो सीप प्रयोग गरी स्वरोजगार बनेको पाईन्छ । |
| महिला तथा वालवालिका कार्यालय | २५ गाविसमा वचत परिचालन, २७ गाविसमा महिला सहकारी मार्फत आयआर्जन कार्यक्रम (च्याउ खेती, तरकारी खेती, बाखा पालन, कुखुरा पालन सिलाई बुनाई तालिम आदी) सञ्चालन गरेको । | जम्मा २६ सहकारी संस्थाबाट रु १८ लाख ३५ हजार ८ सय पचहत्तर वचत भई १३ लाख ४० हजार लगानी गरी १७३ महिला व्यवसाय सञ्चालन गरेको । |
| जिल्ला भु संरक्षण कार्यालय | भुमी उत्पादकत्व संरक्षण, नर्सरी स्थापना, फलफुलको विरुवा वितरण सिंचाई कुलो संरक्षण, संरक्षण पोखरी निर्माण, गल्छी पहिरो रोकथाम आदी । | खेतवारीको संरक्षण, पहिरो रोकथाम, नदि किनार संरक्षण, पानीमुहान संरक्षण, सिंचाई पोखरी निर्माण, फलफुल खेतीमा सहयोग पुगेको । |
| जिल्ला वन कार्यालय | कवुलियति वन, गैर काष्ठ वन पैदावर व्यवस्थापन, उद्यम विकास कार्यक्रम, सामुदायिक वन व्यवस्थापन, विरुवा वितरण, नर्सरी स्थापना, वृक्षारोपण आदि कार्यक्रम सञ्चालन गरेको थियो । | कूल ३० हेक्टर सामुदायिक वनबाट पर्या–पर्यटन विकासबाट २५ भन्दा बढी रोजगारी विस्तार भएको । गैरकाष्ठ वनपैदावार तथा जडिवुटी विरुको विरुवा वितरण तथा रोपण गरिएको । |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय । | वतावरणीय सरसफाई प्रवर्द्धन गर्नका लागि ११९० गोटा प्यान र वितरण गरिएको । र ३७ वटा खानेपानी योजना सञ्चालन गरेको । | खेर गएको पानीको प्रयोग गरी तरकारी खेती गर्न लागिएका केही नागरीकहरुले पानी संकलन गर्न लाग्ने समयवचत गरी वाखा पालन, तरकारी खेती गर्न थालेको तर यसको तथ्याङ्क नभएको । |

*स्रोत:वार्षिक प्रगति प्रतिवेदन आब ७२/७३ जिल्ला विकास समितिको कार्यालय, र सम्बन्धित विषगत कार्यालयहरु, दैलेख ।*

यसका अलावा ११ स्थानीय सेवा प्रदायक मार्फत सवै ४९ गाविसहरुमा समाजिक परिचालनको कार्य सञ्चालन गरी आम नागरिकहरुलाई सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रबाट उनीहरुलाई प्राप्त हुन सक्ने सेवा, सुविधाको बारेमा चेतना फैलाउने कार्य भई रहेको छ । त्यसै गरी जिल्लामा २० भन्दा बढी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससहरुले सामाजिक विकासको क्षेत्रमा काम गरेको देखिन्छ । यिनीहरुले खास गरी कृषि, पशु, वन, खानेपानी र सरसफाई, सिंचाई, स्वास्थ्य, शिक्षा, विपद् व्यवस्थापन र गैर कृषि रोजगारी प्रवर्धनको लागि काम गरेको देखिन्छ ।

## ३.३ विकासमा समान सहभागिताको क्षेत्र

### ३.३.१ जिल्ला विकास समिति

जिल्ला विकास समितिले विकासमा सवै वर्ग, क्षेत्र, लिङ्गका नागरीकहरुको सहभागितालाई सुनिश्चत गरेको छ । खास गरेर उपभोक्ता समितिहरुको गठन, त्यसमा रहने पदाधिकारीहरुको चयन तथा लाभान्वितहरुको छनौट आदी कार्य गर्दा नेपाल सरकारले अवलम्बन गरेको नीति नियमहरुलाई परिपालना गरेको

देखिन्छ । सवै उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला तथा केही प्रतिशत पछाडी परेका वर्गहरुका नागरीकहरुको संलग्नता पाईयो । खासगरी दलित, जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई विकास कार्यमा सहभागि गराउन प्रयास गरेको पाईयो ।

### ३.३.२ विषयगत कार्यालयहरु

नेपाल सरकारका विषयगत कार्यालयहरुले पनि तालुक मन्त्रालयहरुबाट प्राप्त निर्देशन तथा नीति नियमहरुको परिपालना गरी कार्यक्रमहरु सञ्चालन गरेको पाईयो । खासगरी जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय, शिक्षा कार्यालय, महिला तथा वालवालिका कार्यालय, जास्वास्थ्य कार्यालयहरुले गरीवी अनुगमन तथा मूल्याङ्कन प्रणालिलाई सम्बोधन गरी तथ्याङ्क राख्ने गरेको पाईयो । ति तथ्याङ्कहरुलाई हेर्दा विकाको कामहरुमा महिला, दलित, जनजाती तथा विपन्न वर्गका नागरिकहरुलाई बढी प्राथमिकता दिई उनीहरुको सहभागितालाई सुनिश्चात गरेको पाईयो ।

### ३.३.३ गैर सरकारी संस्थाहरु

जिल्लामा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरुले पनि नेपाल सरको प्राथमिकतालाई ध्यानमा राखी कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाईयो । उनीहरुले राखेको तथ्याङ्कलाई आधार मान्दा पनि महिला तथा पछाडी परेका वर्गहरुको सलग्नता बढेको पाईयो । यसको विस्तृत जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका: १४ विकासमा सहभागी लाभान्वित वर्गहरुको विवरण**

| सेवा प्रदायक संस्था | | सेवा ग्राही | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | महिला | प्रतिशत | दलित | प्रतिशत | जनजाती | प्रतिशत | अन्य | प्रतिशत | जम्मा | प्रतिशत |
| जम्मा | २६१७७० | १३४७८० | ५१.४९ | ६३११२ | २४.११ | २९५८० | ११.३० | ३४२९८ | १३.१० | २६१७७० | १००.०० |
| जिविस | १९२२२ | ६५५१ | ३४.०८ | ९९७ | ५.१९ | २५७० | १३.३७ | ९१०४ | ४७.३६ | १९२२२ | १००.०० |
| जिल्ला कृषि विकासकार्यालय | ३२१९ | १५७० | ४८.७७ | १२२ | ३.७९ | ३०६ | ९.५१ | १२२१ | ३७.९३ | ३२१९ | १००.०० |
| जिल्ला पशुसेवा कार्यालय | २६४९ | ९२१ | ३४.७७ | ३५० | १३.२१ | २५६ | ९.६६ | ११२२ | ४२.३६ | २६४९ | १००.०० |
| जिल्ला वन कार्यालय | ४०१० | ११७० | २९.१८ | ७३९ | १८.४३ | ३४१ | ८.५० | १७६० | ४३.८९ | ४०१० | १००.०० |
| जिल्ला जन स्वास्थ्य कार्यालय | ६१७६५ | ३५२४० | ५७.०५ | ३६५९ | ५.९२ | ७१६ | १.१६ | २२१५० | ३५.८६ | ६१७६५ | १००.०० |
| महिला तथा वालवालिका कार्यालय | ३३२१ | ३३२१ | १००.०० | | ०.०० | | ०.०० | | ०.०० | ३३२१ | १००.०० |
| जिल्ला शिक्षा कार्यालय | ४५४८२ | ४३२५१ | ९५.०९ | ८७९ | १.९३ | २३० | ०.५१ | ११२२ | २.४७ | ४५४८२ | १००.०० |
| **जम्मा** | **१३९६६८** | **९२०२४** | **६५.८९** | **६७४६** | **४.८३** | **४४१९** | **३.१६** | **३६४७९** | **२६.१२** | **१३९६६८** | **१००.००** |

## ३.४ सेवा सुविधामा पहुंचको क्षेत्र

### ३.४.१ स्वास्थ्य संस्थाहरुको वितरण र स्वास्थ्य सेवामा पहुंच

आर्थिक वर्ष २०७१/७२ मा कूल २२१२६२ नागरिकहरुले ओपिडि सेवा लिएकोमा गत आवमा २१७१३० जनाले सो सेवा लिएको पाईयो । त्यसै गरी २०७१/७२ आव मा १२९७ नागरिकहरुले स्थाई परिवार नियोजन गरेकोमा गतअ व २०७२/७३ मा १५४८ जनाले स्थाई परिवार नियोजन गरेको देखिन्छ। अस्थाई परिवार नियोजनको साधनको हकमा आव २०७१/७२ मा महिला र पुरुष जम्मा गरि ३५६७० जनाले यो सेवा लिएकोमा गत आव २०७२/७३ मा यो बढेर ४५६७० जना भएको पाईयो । परिवार नियोजनको साधनहरुको प्रयोगमा खासै वृद्धि नदेखिनुमा प्रजनन उमेरका महिला तथा पुरुषहरु वैदेशिक रोजगारमा जानु र प्राकृतिक परिवार नियोजनको विधि अपनाउनु रहेको कुरा समूह छलफलका सहभागीहरुले वताएका थिए। यसको विस्तृत जनाकारीको तल उल्लेख गरिएको छ।

**तालिका: १५ स्वास्थ्य सेवामा पहुंच**

| विवरण | गत बर्षको अवस्था | उपलब्धी |
|---|---|---|
| | संख्या | संख्या |
| स्वास्थ्य सेवा लिनेहरुको संख्या (ओपिडि) | २५७३४७ | २१७१३० |
| स्थाई परिवार नियोजन गर्ने महिलाको संख्या | ४५३ | ४९३ |
| स्थाई परिवार नियोजन गर्ने पुरुषको संख्या | ८४४ | १०५५ |
| अस्थाई परिवार नियोजनको साधन प्रयोग गर्ने महिला तथा पुरुषहरुको संख्या | ३५६७० | ४५६७० |

*स्रोत: जिल्ला जन स्वास्थ्य कार्यालय, दैलेख ।*

### ३.४.२ स्वस्थ्य संस्थाहरुको वितरण स्वास्थ्य र सेवाको उपलब्धता

दैलेख जिल्लामा हाल सरकारी स्तरमा जिल्ला अस्पताल १, प्राथमीक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी १६ र उपस्वास्थ्य चौकी ४० रहेका छन्। हरेक गाविसमा कम्तिमा १ यस्ता स्वास्थ्य संस्थाहरु रहेका छन्। यसरी हेर्दा आम नागरिकहरुलाई आफ्नै घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ । यस्ता संस्थाहरुलाई स्थानीय स्रोतको समेत परिचालन गरी थप स्वास्थ्यकर्मीहरुको व्यवस्था गरेको भन्ने कुरा समूह छलफलका सहभागीहरुले बताएका थिए। हालको अवस्थामा आम नागरिकहरुलाई कम्तिमा १ देखि २ घण्टाको हिडाई वा यातायातको साधनको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध भएको देखिन्छ। यसको विस्तृत तल उल्लेख गरिएको छ।

**तालिका: १६ जिल्लामा भएको स्वास्थ्य संस्थाहरुको विवरण**

| विवरण | आव २०७१/७२ को | आव २०७२/७३ को | कैफियत |
|---|---|---|---|
| | संख्या | संख्या | |
| स्वास्थ्य चौकी | १६ | १६ | |
| उप स्वास्थ्य चौकी | ४० | ४० | |
| प्राथमीक स्वास्थ्य केन्द्र | २ | २ | |
| अस्पताल | २ | २ | |
| स्वास्थ्य सेवा लिन लाग्ने समय(सरदर) | १ देखि २ घण्टा | | |

*स्रोत: जिल्ला जन स्वास्थ्य कार्यालय, दैलेख ।*

जिल्ला विकास समितिको नेतृत्वमा एच.आई.भि र एड्सको क्षेत्रमा जिल्लामा विभिन्न संघ संस्थाहरुले काम गरिरहेको पाईयो । प्राप्त तथ्याङ्क अनुसार गत आव २०७१/७२ मा कुल संक्रमित २२ जना महिला पुरु भएको पाईयो । यो तथ्याङ्क आव २०७२/७३ घटेर १९ जना रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने एच.आई.भि र एड्सको क्षेत्रमाकेहि प्रगति अवश्य भएको छ। यसको विस्तृत जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका : १७ एच.आई.भि र एड्स संक्रमितको अवस्था**

| विवरण | गत बर्षको अवस्था | | प्रयास | उपलब्धि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | |
| महिला | १४ | ६३.६४ | जनचेतना, सडक नाटक, तालिम, गोष्ठि | १३ | ६८.४२ | |
| पुरुष | ८ | ३६.३६ | | ६ | ३१.५८ | |
| जम्मा | २२ | १०० | | १९ | १०० | |

*स्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, दैलेख ।*

### ३.४.३ शिक्षा सेवाको वितरण र यसको पहुंच

दैलेख जिल्लामा जम्मा दश जोड दुई सम्मका ८८८ शैक्षिक संस्थाहरुमा रहेका छन्, जसमा ३७० बालविकास केन्द्र, ३४४ प्राथमीक विद्यालय, ९२ निम्न माध्यामिक विद्यालय, ५० माध्यामिक विद्यालय र ४२ उच्च माध्यामिक विद्यालयहरु रहेका छन् । यसरी हेर्दा विद्यालयहरुको संख्या आव २०७१/७२ मा गत आव २०७२/७३ मा बराबरी रहेको छ । हरेक गाविस र नगरपालिकाका वार्डहरुमा विद्यालयहरु रहेकाछन र पढन चाहने सवै बालवालिकाहरुको लागी विद्यालय आधा घण्टा देखि दुई घण्टासम्मको दुरीमा रहेको पाईन्छ । यसको विस्तृत जानकारी तल उल्लेख गरिएको छ ।

**तालिका: १८ जिल्लामा भएको शिक्षण संस्थाहरुको विवरण**

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मवि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ३६० | ३७० | ३२० | ३२० | ८५ | ८५ | ४८ | ४८ | ४१४ | ४१४ | १२२७ | १२३७ |
| संस्थागत | ० | ० | २४ | २४ | ७ | ७ | २ | २ | १ | १ | ३४ | ३४ |
| **जम्मा** | **३६०** | **३६०** | **३४४** | **३४४** | **९२** | **९२** | **५०** | **५०** | **४१५** | **४१५** | **१२६१** | **१२७१** |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, दैलेख ।*

दैलेख जिल्लामा जम्मा दश जोड दुई सम्मका विद्यार्थी संख्या १६४४५० रहेकाछन् । जसमा ७६८२ बालविकास केन्द्र, ५२५२९ प्राथमीक विद्यालय, २३४५९ निम्न माध्यामिक विद्यालय, ७४९२९ माध्यामिक

विद्यालय र ५८५२ उच्च माध्यामीक विद्यालयहरुमा रहेकाछन । प्राथमीक तहमा बालबालिकाको भर्नादर ९७.१ प्रतिशत रहेकोछ । विस्तृत जानकारीको लागि तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः १९ शिक्षण संस्थामा अध्ययनरत विद्यार्थी संख्या**

| विद्यालयको किसिम | बालविकास | | प्रावि | | निमावि | | मावि | | उच्च मावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव | गत आव | यस आव |
| सामुदायिक | ७६८२ | | ५१९४९ | | २३२१६ | | ७४७६५ | | ४४८७ | | १६२०९९ | |
| संस्थागत | ० | | ५७९.६ | | २४३ | | १६३.८५ | | १३६५ | | २३५१.४९ | |
| जम्मा | ७६८२ | | ५२५२९ | | २३४५९ | | ७४९२९ | | ५८५२ | | १६४४५० | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, दैलेख ।*

## ३.४.४ कृषि सेवा संस्थाहरुको वितरण सेवामा पहुंच

जिल्लामा जम्मा १ वटा सम्पर्क कार्यालय सहित गरेर ७ वटा कृषि सेवा केन्द्रहरु रहेकाछन । एक सेवा केन्द्रले सालाखाला ७ वटा गाविसका नागरीकहरुलाई सेवा पुर्‍याउनुपर्ने देखिन्छ र कृषि सेवा केन्द्रसम्म पुग्न नागरिकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर बढीमा २ घण्टामा सेवा लिन सक्ने अवस्था देखिन्छ । यसलाई हेर्दा कृषि सेवा केन्द्रहरुको सख्या बढाउन सके वा भएका सेवा केन्द्रहरुमा प्राविधिक कर्मचारी थप्न सके सेवा अझ प्रभावकारी हुने देखिन्छ । यसको विस्तृत जानकारी तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः २० कृषि सेवामा पहुंच**

| कृषि सेवा केन्द्रको नाम | सेवा पुर्‍याउने क्षेत्र( गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| राकमकर्णाली | पिपलकोट, सिंहासैन, सिंगौडी, तिलेपाटा, तोलीजैसी, राकम र सात्तला गाविसहरु | अधिकतम २ घण्टा | |
| जम्बुकांध | लकान्द्र, विशाल्ला, चामुण्डा, जम्बुकांध र लयाटी विन्द्रसैनी गाविसहरु | अधिकतम २ घण्टा | |
| दूल्लू | कुसापानी, भैरीकालिकाथुम, रावतकोट, दूल्लू नपा, गमौडी, कालभैरव, मालिका र गौरी | अधिकतम २ घण्टा | |
| नौमूले | तोली, चौराठा, सल्लेरी, नौमूले, कालिका, बालुवाटार र ढ्वारी गाविसहरु | अधिकतम २ घण्टा | |
| वेस्तडा | विन्ध्यवासिनी, पग्नाथ, रुम, मेहेलतोली, जगनाथ, कट्टी र बडाभैरव गाविसहरु | अधिकतम २ घण्टा | |
| माथिल्लो डुङ्गेश्वर | लांकुरी, वेलपाटा, डांडापराजुल, अवलपराजुल, पिलाडी, लालिकांडा, गोगनपानी, सेरी, बराह र खड्कबाडा गाविसहरु | अधिकतम २ घण्टा | |
| सम्पर्क कार्यालय नारायण | नारायण नपा, भवानी, रानीवन, कांसिकांध, खरिगैरा, बांसी र वडाखोला | अधिकतम २ घण्टा | |

*स्रोतः जिल्लाकृषि विकास कार्यालय, दैलेख ।*

### ३.४.५ पशु सेवा संस्थाहरुको विरतरण र सेवामा पहुंच

जिल्लामा जम्मा १२ वटा पशु सेवा केन्द्रहरु रहेकाछन् । एक सेवा केन्द्रले औषत ४.२५ वटा गाविसका किसानहरुलाई सेवा पुऱ्याउनु गर्ने देखिन्छ र पशु सेवा केन्द्रसम्म पुग्न कृषकहरुलाई हिडेर वा यातायातको साधन प्रयोग गरेर बढीमा २ घण्टामा सेवा लिन सक्ने अवस्था देखिन्छ। यसलाई हेर्दा पशु सेवा तुलनात्मक रुपमा बढी उपब्ध भएको देखिन्छ । यद्यपी कृषकहरुलाई अझ प्रभावकारी सेवा उपलब्ध गराउन प्राविधिकहरुको संख्या बढाउनु पर्ने देखिन्छ। यसको विस्तृत जानकारी तल उल्लेखित तालिकामा गरिएको छ ।

**तालिकाः २१ पशु सेवामा पहुंच**

| पशुसेवा केन्द्रको नाम | सेवा पुर्याउने क्षेत्र(गाविस, नगरपालिका) | सेवा केन्द्र पुग्न लाग्ने समय | कैफियत |
|---|---|---|---|
| देसीगाडे | ना.न.पा. र वेलपाटा | १ देखि २ घण्टा | |
| गैंडाबाझ | बडाखोला, बांसी, खरिगैरा, भवानी, रानीवन र कांसिकांध | १ देखि २ घण्टा | |
| नौमूले | बालुवाटार, नौमूले, सल्लेरी, तोली, द्धारी, कालिका र चौराठा | १ देखि २ घण्टा | |
| पग्नाथ | पग्नाथ, रुम, मेहेलतोली, कट्टि, जगनाथा, विन्ध्यवासीनी र वडाभैरब | १ देखि २ घण्टा | |
| अवलपराजुल | अवलपराजुल, डांडापराजुल, लांकुरी, लालिकांडा, पिलाडी, गोगनपानी | १ देखि २ घण्टा | |
| पातिकान्ला | खड्कबाडा, सेरी र बराह | १ देखि २ घण्टा | |
| मालिका | मालिका, कालभैरब, गौरी र गमौडी | १ देखि २ घण्टा | |
| दूल्लू | दूल्लू नपा, रावतकोट, भैरीकालिकाथुम र कुसापानी | १ देखि २ घण्टा | |
| जम्बुकांध | जम्बुकांध, चामुण्डा, लयांटी, लकान्द्र र विसाल्ला | १ देखि २ घण्टा | |
| सिंगौडी | सिंगौडी, सात्तला र राकमकर्णाली | १ देखि २ घण्टा | |
| तोलीजैसी | तोलीजैसी र तिलेपाटा | १ देखि २ घण्टा | |
| सिंहासैन | सिंगासैन र पिपलकोट | १ देखि २ घण्टा | |

*स्रोतः जिल्ला पशु सेवा कार्यालय, दैलेख ।*

## ३.५ जिल्लामा विकासको लागि देखा परेका समस्याहरु र समाधानका उपायहरु

### ३.५.१ जिल्ला विकास कार्यक्रमका सवल, कमजोर पक्ष, अवसर र चुनौतीहरु

| सवल पक्ष | कमजोर पक्ष | कैफियत |
|---|---|---|
| स्थानीय निकाय, सरकारी विषयगत कार्यालय, गैर सरकारी संस्था तथा निजी संस्थाहरु विचको समन्वय । | साना योजनाको संख्या बढी भई अनुगमन तथा मूल्याङ्कनमा बढी समय दिनु पर्ने । | |
| जन सहभागितामा आधारित भई उपभोक्ता समिति मार्फत योजना सञ्चालन गरिनु । | गरेका कामहरुको अभिलेखिकरण राम्रो नहुंदा अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित नगर्नु । | |

| | | |
|---|---|---|
| पूर्वाधार विकास तथा सामाजिक विकासलाई समायोजन गरी योजना तर्जुमा तथा कार्यान्व गरिनु । | सामाजिक परिचालनको काममा वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रको क्षमता बढाउन र सदस्यहरुलाई उत्प्रेरणा बढाउन नसक्नु । | |

स्रोत:समूह छलफल, दैलेख ।

| अवसर | चुनौती |
|---|---|
| सामाजिक परिचालन मार्फत आम नागरिकहरु चेतनशील | स्थानीय निकायमा लामो समय देखि |
| हुनु साथै आफ्नो र विकासको माग गर्न सक्षम हुनु । | निर्वाचित जन प्रतिनिधि नहुनु । |
| स्रोत र साधन जुटाउन वलियो आधार (सरकारी, गैरसरकारी तथा राजनैतिक दलको सहयोग) | राजनैतिक तरलता रहनु । |
| रोजगारी श्रृजना हुन सक्ने उत्पादन र माग अनुसा बनाउन सक्ने सामग्रीहरुको बनाएर राम्रो भएको । | |

स्रोत: समूह छलफल, दैलेख ।

### ३.५.२ जिल्ला विकास समितिको मुख्य समस्याहरु र सामधानको प्रयासहरु

| क्रस | मुख्य समश्यहरु | समाधानका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक आय घट्दो रहेको । | संयुक्त रुपमा आन्तरिक आयमा वृद्धि गर्न सम्भावित क्षेत्रहरुको पहिचान गरी अध्ययन गरिएको । | |
| २ | योजनाहरु समयमा नै कार्य सम्पन्न गर्न कठिनाई भएको । | यसका लागि पहल गरिएको । योजना अनुगमनलाई प्रभावकारी बनाउदै लगेको । | |
| ३ | निर्माण व्यवसायीले लागत अनुमान भन्दा निकै न्यून रकम कवोल गरेको । | यसको लागि पहल गरिएको । तर नेपाल सरकारको आर्थिक प्रसासनिक नीतिमा सुधार नगरी यो समस्या समाधान हुन कठिन हुने । | |
| ४ | एउटै कार्यक्रमा विभिन्न निकायबाट हुने सहयोगलाई एकिकृत गर्न नसकिएको | विकास साझेदारहरुको वैठक आयोजना गरी यो समस्या समाधान गर्न पहल गरिएको । | |

स्रोत: वार्षिक प्रगति प्रतिवेदन २०७२/७३, जिविस, दैलेख ।

### ३.५.३ जिल्ला विकास समितिबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउन चालिएका कदमहरु:

- जिविसले कार्य तालिका तयार गरी सोही अनुसार कार्यक्रम संचालन गर्ने गरेको ।
- सार्वजनीक सुनुवाई कार्यक्रम ३ पटक सम्पन्न भएको ।
- सवै निर्माणधिन योजनाहरुको साईटमा सूचना पाटी राख्न अनिवार्य गरिएको ।
- गुणस्तर परीक्षणको ल्याव स्थापना तथा प्रयोग ।
- विस्तृत सर्वेक्षण र डिजाईनमा नै hoarding board तथा गुणस्तर मापन
- प्रयोगशालाको प्रावधान राख्ने गरेको ।
- वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याईएको ।

- ❖ जिल्ला विकास समितिबाट प्रकाशित वार्षिक रणनैतिक जिल्ला विकास गुरुयोजनामा सम्पूर्ण गाविस, जिविस, विषयगत कार्यालय र गैर सरकारी संस्थाहरुको आव ०७२/७३ म सञ्चालन हुने योजना विवरण, योजना कन्टिन्जेन्सी योजना समेत समावेश गरिएको ।
- ❖ Web Site को नियमिति अद्यावधिक गर्ने गरिएको ।
- ❖ सडक, पुल तथा खानेपानी योजनाको विस्तृत सर्वेक्षण कार्यको शुरुवात गरिएको ।
- ❖ योजना सञ्चालनमा उपभोक्तासमितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- ❖ जिविसको कुल केन्द्रीय वेरुजुको ४३.४१ प्रतिशत फर्स्यौट गरिएको ।

## ३.६ प्रतिवेदन प्रस्तुतीकरणमा प्राप्त सुझावहरु :

| क.स | सुझाव | सुझाव पेस गर्ने व्यक्ति | प्रतिवेदनमा समावेस भए नभएको |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा अन्तर्ग गत आव २०७२/७३ को तथ्याङ्क ३ चौमासिकको जांच भएकोले फरक पर्न गएकोले सोहि अनुरुप सच्याउनु पर्ने । | समशेर बहादुर शाही, योजना अधिकृत, जिविस दैलेख । | सामाजिक सुरक्षा सम्बन्धमा तथ्यांङ्क तालिका सच्याईएको |
| २ | घरेलु तथा साना उद्योग विकास समितिले सञ्चालन गरेको तालिमहरुको र उद्यम विकासको तथ्यांक नमिलेको | कार्यालय प्रमुख घरेलु तथा साना उद्योग विकास समिति, दैलेख | सुझाव अनुसार घरेलु तथा साना उद्योग सम्वन्धी थप सूचना लिई तालिकामा सुधार गरिएको । |
| ३ | खानेपानी तथा सरसफाई सम्बन्धी आव २०७२/७३ को तथ्याङ्क फरक परेको | राजिव रिमाल इन्जिनियर खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, दैलेख | सुझाव अनुसार खानेपानी तथा सरसफाई अनुगम तथा सुपरिवेक्षण गरी कार्यालयबाट थप सूचना लिई सुधार गरिएको । |
| ४ | अपांगता र बालश्रम सम्बन्धी सूचना प्रष्ट नआएकोले एकिन गरेर तथ्याङ्क राख्नुपर्ने । | गिता वुढा प्रतिनिधि महिला तथा बालवालिका कार्यालय, दैलेख । | महिला तथा बालवालिका कार्यालयबाट तथ्याङ्क लिई समावेश गरिएको । |

## ३.७ जिल्ला विकास समितिका कार्यक्रमहरुबाट सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव

जिल्ला विकास समिति र अन्तर्गतका कार्यालयहरु मार्फत सञ्चालित कार्यक्रमहरुले सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । जसलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

### क) शिक्षा:

प्रारम्भिक बाल विकास कार्यक्रम, वैकल्पिक शिक्षा कार्यक्रम, समाहित शिक्षा सम्वन्धी कार्यक्रम, साक्षरोत्तर शिक्षा सम्वन्धी कार्यक्रम, निशुल्क पाठ्य पुस्तक, अनिवार्य आधारभूत शिक्षा कार्यक्रम, भौतिक सुविधा विस्तार कार्यक्रम, शिक्षकहरुको पेशागत विकास, अन्य सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, अभिभावक) क्षमता विकास, आईसिटिका कार्यक्रमहरु, विद्यालय प्रोत्साहन अनुदान, छात्रवृत्ति जस्ता

कार्यक्रमहरु सञ्चालन गरी शिक्षा क्षेत्रको गुणत्मक सुधार गर्ने प्रयास गरिएको थियो । यी कार्यक्रमहरुको सफल कार्यान्वयनबाट शिक्षाको क्षेत्रमा केहि र.सुधार भएको भएतापनि अभिभावकहरुको निजी विद्यालयहरु प्रतिको मोहका कारण सरकारी विद्यालयहरुको संख्या कटौती गर्नुपर्ने अवस्था आएको छ । यद्यपी अभिभावकहरुले शिक्षाको महत्व बुझी आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेकाछन् । शिक्षाको गुणस्तर बढाउनका लागि भएका प्रयासहरुकै कारण प्रति कक्षा कोठा विद्यार्थी संख्या गत आवमा २७ भएकोमा सोमा सुधार आई प्रति कक्षा कोठा २७ विद्यार्थी भएको विद्यालय छ । अभिभावक र विद्यालय विचको सम्वन्ध राम्रो भएको छ । जसले गर्दाकक्षा १ मा खुद भर्नादर छात्र/छात्रा ९७.१ बाट बढेर ९७.१ प्रतिशत पुगेको छ । प्राथमिक तहमा कक्षा उत्तिर्ण हुने ८०.४० प्रतिशतबाट दर बढेर ८०.४० प्रतिशत पुगेकोछ ।

## ख) स्वास्थ्यः

जनचेतना अभिवृद्धि, महिला स्वास्थ्य कार्यकर्तालाई तालिम, स्वास्थ्य संस्थामा पूर्वाधारमा बृद्धि, प्रसुती भत्ता, सडक मर्मत तथा निर्माण, सेवा र सुविधामा विस्तार, स्थानीय स्तरमा थप स्वास्थ्यकर्मीको व्यवस्था, सरकारी निकाय, स्थानीय निकाय तथा गैर सरकारी निकाय विचको समन्वय, सहकार्य तथा सामाजिक परिचालन अन्तर्गत आम नागरिकको चेतना बढेको कारण स्वास्थ्य क्षेत्रमा पनि केहि प्रगति भएको देखिन्छ । पुरुषहरु तथा घरका अन्य सदस्यहरुमा आएको सकारात्मक सोचका कारण गर्भवती, सुत्केरी तथा सुत्केरी पश्चात पनि उनीहरुको राम्रो ख्याल गर्ने गरेको पाईन्छ । विभिन्न निजी स्तरमा खुलेका स्वास्थ्य संस्थाहरु (क्लिनिक, नर्सिङहोम, औषधि पसल आदी) को कारण पनि आम नागरिकहरुमा स्वास्थ्य सेवाको पहुंच र अवसरहरु बढेको देखिन्छ । त्यसैगरी आम नागरीकहरुमा स्वास्थ्यको महत्व बुझ्ने क्रम पनि बढेकोले सेवा लिनेहरुको संख्या पनि बढेको छ । स्वस्थ नागरिकको संख्या बढ्नाले व्यक्ति तथा घरपरिवारको आम्दानीमा पनि प्रगति भएको देखिन्छ ।

कुल घरधुरी संख्याको ७५.७९ प्रतिशत घरधुरीका नागरिकहरुलाई एक देखि दुई घण्टा भित्र पैदल वा यातायातको साधन प्रयोग गरी स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था देखिएको छ जुन गत आवमा ७५.७९ प्रतिशत थियो । एक बर्ष मुनीका बालबालिकाको आधारमा खोपमा पहुच ९४.०२ प्रतिशत, ४ पटक गर्ववती जाच गरिएको महिलाको प्रतिशत गत आवमा ८५.९० प्रतिशत, दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको प्रतिशत गत आवको ७१.६५ प्रतिशतबाट बढेर ७१.६५ पुगेको छ भने सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवारको प्रतिशत गत आवमा ४३.२१ भएकोमा यो बढेर ४३.२१ भएको छ ।

## ग) खानेपानी र सरसफाई

गैर सरकारी तथा स्थानीय निकायहरु वीचको समन्वय, सहकार्य, आम नागरिकहरुको संलग्नता सुनिश्चत गरी खानेपानी तथा सरसफाई योजना सञ्चालन, पुराना योजनाको मर्मत जस्ता कार्यक्रमबाट खानेपानी र सरसफाईको क्षेत्रमा पनि राम्रो पभाव परेको छ । आव २०७१/७२ मा ८६.१६ प्रतिशत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध भएकोमा गत आव २०७२/७३ मा यो बढेर ९३.१७ प्रतिशत पुगेको छ । शौचालय भएको परिवारको प्रतिशत ८६.४० बाट बढेर ९३.१२ प्रतिशत पुगेको छ भने खानेपानी र चर्पीको सुविधा भएको प्राथमिक विद्यालयहरुको ८९ प्रतिशत भएको पाईयो । खानेपानीको सुविधा भएपछि खानेपानी लिन जाने समयको वचत गरी आम नागरिकले आय आर्जनका कामहरु गरी आर्थिक सुधार गरेको र उनीहरुलाई यसले वालवालिकाको शिक्षा, स्वस्थ्यमा खर्च गर्न रकम उपलब्ध भएको पाईएको छ । साथै वालवालिकाको विद्यालयमा हाजिर हुने दिन बढेको, कक्षा चढ्ने दर बढेको छ भने सामाजिक काममा नागरिकहरुको संरग्नता पनि बढेको छ ।

## घ) सामाजिक विकृति विसंगति न्युनीकरण

समाजमा रहेको सामाजिक विकृति हटाउन जिल्लामा जिल्ला विकास समितिको अगुवाईमा विभिन्न निकायको प्रयास रहेको पाईयो । यसका लागि विभिन्न जनचेतना फैलाउने कार्यक्रमहरु जस्तै दिवसहरु नारी दिवस, वाल दिवस, प्रजातन्त्र दिवस तथा सांस्कृतिक पर्वहरु जस्तै तीज, भैलो, देउसी आदी मनाएको पाईयो । यसबाट वालश्रमको मात्रामा कमी आएको, महिला हिंसामा कमी, यौनजन्य दुर्व्यवहारमा कमी आएको छ ।

## ङ) सामाजिक परिचालन

वडा नागरिक मञ्चका कुल १०९४४ र नागरिक सचेतना केन्द्रका ३३१६ सदस्यहरु मार्फत जनचेतना फैलाउने कामहरु भएपछि आम नागरिकहरु आफ्ना अधिकार र कर्तव्यबारे जानकारी प्राप्त गरी सेवा लिने नागरिकहरुको संख्या बढेको छ र मानव संशाधनको उचित उपयोगबाट समग्र उत्पादन र उत्पादकत्व बढेको छ । नागकिहरुको सामाजिक विकास, विकासमा संलग्नतामा वृद्धि भई पारदर्शिता तथा जवाफदेहिता पनि बढेको छ । समूह छलफलबाट आएको सूचना अनुसार वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रबाट उठान भएका केहि योजनाहरु गाविस परिषदबाट पारित भएका छन्, यसले गर्दा वस्तीबाट आएका योजनाहरु गाविस कार्यक्रम र बजेटमा समावेश हुने र विकासमा आम नागरिकहरुको आवश्यकता सम्वोधन हुने अवसर मिलेको पाईएको छ ।

## च) गरिवी निवारण

जिल्ला भित्र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विकासका कामहरु गरेका तथा त्यसमा आम नागरिकहरुको संलग्नता बढेको कारण गरिवीनिवारणीय कार्यमा पनि विकासका लक्षणहरु देखिएका छन् । खास गरी कृषि विकास त्यसमा पनि गोलभेडा तथा अन्य मौसमी/वेमौसमी तरकारी खेती, माहुरी पालन, च्याउ खेती, तथा प्राङ्गारीक खेतीमा भएको विकासको कारण कृषकहरुको आम्दानी बढेको छ । त्यसैगरी पशु स्वास्थ्य तथा बांझोपन निवारण शिविर, कुखुरापालन तालिम, घास खेतीमा विस्तार, कृत्रिम गर्भाधान कार्यक्रमहरु सञ्चालनबाट दुध, फुल, मासुको उत्पादन पनि सरदर ८ प्रतिशतले बढेको छ । पूर्वाधार विकासबाट उत्पन्न भएका अवसरहरुको प्रयोग गरी विभिन्न घरेलु उद्योगहरु सञ्चालनमा आएकाछन् । महिला सीप विकास कार्यक्रम, आय आर्जन कार्यक्रम, वचत ऋण कार्यक्रम आदिबाट वचत गर्ने बानी पनि बढेको र स्थानीयस्तरमा नै पूंजीको विकास भएको देखिन्छ । जिल्ला विकास समिति, गाउं विकास समिति तथा विषगत कार्यालयहरुको संयुक्त प्रयासमा कृषि क्षेत्रमा थप ७१३, पशुपालन र योसंग सम्बन्धित व्यवसायमा २३५ तथा अन्य गैर कृषि क्षेत्रमा ६७० रोजगारी श्रृजना भएको देखिन्छ ।

# भाग–४ निश्कर्ष र सुझाव

## ४.१ निश्कर्ष

दैलेख जिल्लामा जिल्ला विकास समितिको नेतृत्वमा गत आव २०७२/७३ मा सामाजिक विकासको क्षेत्रमा केहि उपलब्धी भएको पाईयो । पूर्वाधार विकासबाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि बढाउन सफल भएको पाईन्छ। जिल्ला विकास समितिको नेतृत्वमा जिल्लामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्यूनीकरण गर्न सहयोग मिलेको देखिन्छ । जिल्ला विकास समिति र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले आम नागरिकहरुको संलग्नताबाट मात्र दीगो विकास सम्भव छ भन्ने बोधका साथ कार्य सञ्चालन प्रक्रिया अगाडी बढाएका कारण धेरै योजनाहरु उपभोक्ता समितिहरु मार्फत सञ्चालन भएको पाईएको छ। यसले आम नागरिकहरुमा विकास र यसका संरचनाहरुको अपनत्व स्वीकार गर्ने बातावरण तयार भएको छ । नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरु गाउं गाउंमा पुऱ्याएको र स्थानीय निकाय तथा आमनागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रशंसनीय भएको छ। रुपान्तरणीय सामाजिक परिचालनको माध्यमबाट आम नागरिकहरु आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो बन्दै गएको र प्राप्त सेवा सुविधा लिने प्रकृयामा चेतना बढेको कारण सेवा लिनेहरुको संख्या पनि बढेको पाईएको छ। आम नागरिकहरु खासगरी महिला, बालवालिका, दलित, जनजाती, आदिले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समूह आदी सबैको संलग्नता, गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेको अनुभुति भएकोले आगामी दिनहरुमा आवश्यकतामा आधारित विकास योजनाहरु सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरु देखिन्छन् ।

जिल्लामा खासगरी शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमबाट रोजगारी श्रृजना, प्रर्वद्धन र विस्तार सहजिकरण गर्न सहज भएको देखिन्छ । नागरिकहरु आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरी स्वरोजगार बनेका छन भने कतिपयले अरुहरुलाई पनि रोजगारी प्रदान गरेका छन् । पूर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले अगाडी बढाएकै कारण रोजगारीको साथमा स्थानीयहरुको आम्दानीको पनि स्रोत बढेको छ । जिल्ला विकासका कार्यक्रमहरुबाट जिल्लामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ। सडक विस्तार, विद्युत, खानेपनी तथा सिंचाईको विकासबाट प्राप्त अवसरहरुकै कारण उपलब्ध सेवा तथा वस्तुमा आम नागरिकको पहुंच बढेको छ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व बढ्ने संकेत देखिएको छ। यहि क्रम अगाडी बढाउदै देखा परेका समस्यालाई पन्छाउने र अवसरहरुलाई उपयोग गर्दै जाने हा भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मदत पुग्ने देखिन्छ।

## ४.२ सुझावहरु

- स्थानीय निकायहरु स्थानीय सरकार हुन र तिनीहरुले गर्ने विकासका कृयाकलापहरु स्थानीय नागरिकहरुको आवश्यकता अनुसार हुनु पर्दछ भन्ने कुरा कसैले नकार्न सक्दैन। स्थानीय आम नागरिकलाई सेवा र सुविधाको उपलब्धता र पहुंच बढाउन सकेको खण्डमा उत्पादकत्व बढ्ने र त्यसबाट आम नागरिकको आम्दानीमा बृछि भई समग्र आर्थिक उन्नती हासिल गर्न सहज हुने कुरा सबैले आत्मासाथ गर्नुपर्ने हुन्छ। सेवा सुविधाको सहज पहुंचले आम नागरिकहरुको क्षमता र दक्षतामा बृद्धि र नयाँ नयाँ प्रविधी अवलम्वन गर्ने अवसरहरु मिल्छन । यसका लागि हरेक

गाविसमा १, १ कृषि र पशु सेवा केन्द्र स्थापना गर्नु र नयां प्रविधिबाट प्राविधिकको सेवा सुविधा र सेवाग्राहीलाई यसको आवश्यकता महशुस गराउनको लागि यस्ता कार्य अगाडी बढाउन सिफारिस गरिन्छ ।

- रुपान्तरणीय सामाजिक परिचालन आम नागरिकहरुको बुझाईमा भर पर्दछ । त्यसैले आम नागरिकहरु विकासमा समावेश हुनको लागि उनीहरु तयार रहनु अत्यन्त जरुरी छ । त्यो तयारी त्यसबेला हुन्छ जब उनीहरुको आवश्यकतालाई सम्बोधन हुने आधारहरु तयार हुन्छन । यसको लागि आम नागरिकहरुलाई तयारी अवस्थामा पुऱ्याउन सामाजिक परिचालन कार्य सहायक सिद्ध हुन सक्छ । यसका लागि सामाजिक परिचालकले मात्र गर्ने कामहरु अपर्याप्त हुन सक्छ । त्यसैले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई पनि अझ धेरै कृयाशील बनाउनु जरुरी हुन्छ । यस प्रयोजनको लागि थप स्रोत जुटाउन सिफारिस गरिन्छ ।
- भए गरेका कामहरुको अभिलेखिकरण गरेमा मात्र सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुलाई सही आंकलन गर्न सकिन्छ । त्यसले भावि नीति र रणनीति बनाउन सहजता प्रदान गर्दछ । जिल्ला विकास समिति र विषयगत कार्यालयहरुको तथ्याङ्क र सूचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सूचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसकालागि स्थानीय निकाय लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले डिपिमास अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तीव्रता दिन सिफारिस गरिन्छ ।
- गाविसहरुले तथ्याङ्क संकलन गर्दा पनि डिपिमासको फ्रेमवर्कसंग मेल खाने गरी गर्नुपर्ने देखिन्छ । यसले गर्दा स्थानीय निकायहरुले गरेका सबै क्रियाकलापहरु समेटिने र गरेको लगानीलाई पुष्टिगर्न सजिलो  हुन्छ । खास गरी तथ्याङ्कहरु लाभान्वित वर्ग, सेवाग्रहीहरु, जात जाती, सामाजिक वर्ग, आर्थिक वर्ग, लिङ्ग, भुगोल आदि जस्ता विषय र तत्सम्बन्धी सूचकहरु तयार गरी लागुगर्न अपरिहार्य छ ।

# अनुसुचीहरू

## अनुसुचीः १ सूचना संकलनको लागि तयार गरिएको प्रश्नावली

सूचना संकलन फारमको नमूना (स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ अनुसार)

जिल्ला विकास समिति, दैलेख

स्थानीय निकायको नाम :

मिति :

१. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)

२. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :

३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :

४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :

५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |

| | | | |
|---|---|---|---|
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| खानेपानी तथा सरसफाई | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| सौचालय भएको संख्या वा प्रतिशत | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| सौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | | | |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंशा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वतावरण सुधारका प्रयासहरू | | | |
| एच.आई.भि र एड्स | | | |
| विकासमा समान सहभागिता<br>**सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |

| | | | |
|---|---|---|---|
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा) :
मितिः

## अनुसूची- २ विषयगत कार्यालय/गैर सरकारी संस्थाको लागि पश्नावली

(बुदा १०.३ सँग सम्वन्धित) ..............................विषयगत कार्यालय/गैर सरकारी संस्था जिल्ला/न.पा./गा.वि.स. ............... सामाजिक परीक्षकको प्रतिवेदन (बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत कार्यालय/ गैर सरकारी संस्था को नाम :

२. लक्ष्य

क.

ख.

ग.

घ.

३. मुख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :

क.

ख.

ग.

घ

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

क.

ख.

ग.

घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम ( यदि सस्था भएमा) :

मितिः

## अनुसूची-३ सामाजिक परीक्षण प्रतिवेदनको ढाँचा (बुदा ११ सँग सम्बन्धित)

१. पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : ख) स्थान : ग) समय :

६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने (अनुसूची २ र ३)

७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु (बुँदागत रुपमा लेख्ने)

८. सामजिक परीक्षणवाट देखिएका चुनौती था कमिकमजोरीहरु (बुँदागत रुपमा लेख्ने)

९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम (यदि सस्था भएमा) :

मिति: